बिमा प्राधिकरणका अध्यक्ष पदमुक्त | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक ९३ • २०८२ साल भाद्र ५ गते विहीबार (21 August, Thursday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

# 'पूर्वाग्रही र एकपक्षीय भए प्रतिवाद गर्छौं'



**टुडे समाचारदाता**

जनकपुरधाम।संघीयलोकतान्त्रिक मोर्चाले गौर हत्याकाण्डमा निष्पक्ष भए छानबिन हुनुपर्ने तथा संलग्न सबैलाई कारबाही गरिनुपर्ने अन्यथा पूर्वाग्रही र एकपक्षीय भए प्रतिवाद गर्ने निर्णय गरेको छ।

सर्वोच्च अदालतले गौर हत्याकाण्डमा जसपा नेपालका उपेन्द्र यादवमाथि अनुसन्धान अघि बढाउन परमादेश जारी गरेपछि बुधबार साँझ बसेको मोर्चाको बैठकले प्रतिवाद गर्ने प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीले जानकारी दिएका छन्।

मोर्चाद्वारा जारी गरिएको विज्ञप्तिमा भनिएको छ, 'परमादेशको पूर्ण पाठ प्राप्त भइनसकेको भए पनि यदि भनिए जस्तो छानबिन वा अनुसन्धान सफा नियत, तटस्थ, कानुनसम्मत र सम्बन्धित सबैलाई दायरामा ल्याएर गरिन्छ भने यस्तो छानबिन र अनुसन्धानप्रति कसैको आपत्ति हुने कुरै भएन, तर जसरी एकपक्षीय र पूर्वाग्रहले प्रेरित भइ तथ्यलाई तोडफोड गरी प्रचारित गर्ने, व्यक्ति केन्द्रित दुष्प्रचार चलाउने खेलहरु भइरहेका छन्, त्यसले राजनीतिक प्रतिशोधको मानसिकता स्पष्टसंग छर्लंग भएको छ।'

मोर्चाले व्यक्ति केन्द्रित र प्रतिशोधको मानसिकता प्रेरित भइ तथ्य तोडमोड गरिएको आरोपसमेत लगाएको छ। जनता प्रगतिशील पार्टीको अध्यक्ष त्रिपाठीको अध्यक्षतामा बुधबार भएको बैठकमा गौर हत्याकाण्डलाई राजनीतिक विवादको रुपमा व्यख्या गरिएको छ।

२०६३ साल चैत्र ७ गते रौतहटको गौरमा राजनीतिक विवाद र त्यसपछि भएको भीडन्तको कारण घटित दुःखद घटनाको छानबिनको सम्बन्धमा यही भदौं २ गते सर्वोच्च अदालतबाट भएको परमादेशबारे संघीय लोकतान्त्रिक मोर्चाको ध्यानाकर्षण भएको मोर्चाले जनाएको छ। सो विज्ञप्तिमा, 'जसरी एकपक्षीय र पूर्वाग्रहले प्रेरित भई एक पक्षिय रूपमा तथ्यलाई तोडफोड गरी प्रचारित गर्ने, व्यक्ति केन्द्रित दुष्प्रचार चलाउने खेलहरु भइरहेका छन् त्यसले राजनीतिक प्रतिशोधको मानसिकता स्पष्टसंग छर्लंग भएको छ। संधीय लोकतान्त्रिक मोर्चा यसको निन्दा गर्दछ। गौरको त्यो दुखद घटनापछि सरकारद्वारा नै २०६३ चैत ८ मा गठित ललितपुर पुनरावेदन अदालतका न्यायाधीश हरिप्रसाद घिमिरेको नेतृत्वको छानबिन आयोग तथा सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश खिलराज रेग्मीको नेतृत्वको छानबिन आयोगको रिपोर्ट सार्वजनिक गरिएको छैन।'

त्यस्तै रूपन्देही क्षेत्र-३ को उपनिर्वाचन प्रयोजनको लागि संघीय लोकतान्त्रिक मोर्चाले नागरिक उन्मुक्ती पार्टीका संरक्षक रेशम चौधरीलाई उम्मेदवार निश्चय गर्ने जिम्मेवारी दिइएको जनाइएको छ।

## चिकित्सक तथा स्टाफ नर्ससंग लिखित स्पष्टीकरण माग

# जनता अकालमा ज्यान गुमाउन बाध्य

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशमा केही महिना अघि मुख्यमन्त्री सतीशकुमार सिंहले निजी तथा सरकारी अस्पतालमा अनुगमन गर्ने क्रममा देखिएका विकृति तथा विसंगति विरुद्ध कडाइपूर्वक लागे पछि केही हदसम्म अवैध रुपमा खोलिएका अस्पतालहरु बन्दको अवस्था सृजना हुँदा सरकारी अस्पतालले केही हदसम्म क्रमशः सुधार हुँदै गएको देखिएको थियो।

तर सो अनुगमन एकाएक बन्द भएपछि अवैध भनिएका अस्पतालहरु पुनः सञ्चालनमा आउन थालेको छ भने सरकारी अस्पतालको पनि रवैया परम्परागत रुपमै उपचार गर्ने र विरामी तथा कुरुवालाई दुर्व्यवहार गर्ने प्रवृत्ति मौलाउँदै गएको आरोप छ।




यसक्रममा चिकित्सकसहितको गम्भीर लापरवाहीका घटना उजागर भएको छ। महोत्तरीस्थित प्रादेशिक अस्पताल जलेश्वरमा कार्यरत दुई मेडिकल अधिकृतसहित चार स्वास्थ्यकर्मीलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले लिखित स्पष्टीकरण माग गरेको छ।

मुख्यमन्त्री सिंहको निर्देशनपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अस्पतालका मेडिकल अधिकृतद्वय डा. शिखा अधिकारी र डा. सद्रे आलम तथा स्टाफ नर्सद्वय मन्दिकाकुमारी यादव र रञ्जिता साहलाई तीन दिनभित्र लिखित स्पष्टीकरण पेश गर्न निर्देशन दिएका छन्।

सेवाग्राहीलाई उपचारमा समस्या भएको, सेवाप्रवाहमा लापरबाही भएको तथा स्वास्थ्यकर्मीले आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह नगरेको सूचनाको आधारमा स्पष्टीकरण माग गरिएको छ। मुख्यमन्त्री सिंहलाई महोत्तरीस्थित विभिन्न संघ संस्थाका प्रतिनिधि र सरोकारवालाले सो अस्पतालमा उपचार सेवा पाउन नसकेर जनता अकालमा ज्यान गुमाउन बाध्य भएको भनेर ज्ञापनपत्र बुझाएका थिए।

महोत्तरीस्थित विभिन्न संघ-संस्थाका प्रतिनिधि र सरोकारवालाहरूले मुख्यमन्त्री सिंहलाई ज्ञापनपत्र बुझाउँदै प्रादेशिक अस्पताल जलेश्वरमा गुणस्तरीय उपचार सेवा नपाएर नागरिक ज्यान जोखिममा परेको गम्भीर अवस्था औंल्याए। त्यसपछि मुख्यमन्त्री सिंहले तत्काल अनुगमन तथा छानबिन गर्न निर्देशन दिएका थिए।

मुख्यमन्त्री सिंहले तत्काल आवश्यक छानबिन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिएका थिए।

स्पष्टीकरण सोधिएकामाथि सेवाग्राहीलाई उपलब्ध हुनुपर्ने स्वास्थ्य सेवा नदिएको, आचारसंहितापालना नगरेको तथा कार्यसम्पादनमा लापरबाही गरेको आरोप लागेको छ। तीन दिनभित्र स्पष्ट जवाफ नआए मन्त्रालयले आवश्यक कारबाही अघि बढाउने पत्रमा उल्लेख छ।

स्वास्थ्यकर्मीहरूलाई सेवाग्राहीलाई उपलब्ध हुनुपर्ने स्वास्थ्य सेवा नदिएको, आचारसंहिता उल्लंघन गरेको र कार्य सम्पादनमा लापरबाही गरेको आरोप लागेको छ। मन्त्रालयले पठाएको पत्रमा उल्लेख छ, "तीन दिनभित्र स्पष्ट जवाफ नआए मन्त्रालयले आवश्यक कारबाही अगाडि बढाउनेछ।"

मधेश प्रदेश निजामती सेवा ऐन, दफा ८६ को उपदफा १ (खण्ड घ) अनुसार आचरणसम्बन्धी नियम उल्लङ्घन भएमा र उपदफा १ (खण्ड च) अनुसार जानाजान सेवा प्रवाहमा ढिलासुस्ती गरी सेवाग्राहीलाई हानी पुर्‍याएमा कारबाही गर्नसकिने व्यवस्था भएकाले सोही आधारमा स्पष्टीकरण सोधिएको मन्त्रालयले जनाएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधन प्रसाद सिंहले सेवा प्रवाहमा लापरबाही गर्नेलाई मन्त्रालयले कडाभन्दा कडा कारबाही प्रक्रिया अघि बढाउने चेतावनी दिए। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले पनि पद अनुसार कार्यक्षमता नदेखाउने र लापरबाही गर्ने प्रदेश सरकार मातहतका कर्मचारीमाथि कडा कारबाही गरिने स्पष्ट रुपमा जनाइएको छ।






# राजदेवीमा आगलागी, तीन चौपायाको जलेर मृत्यु

**टुडे समाचारदाता**

रौतहट । रौतहटको राजदेवी नगरपालिका-४ स्थित गरहिया टोलमा बुधबार एक गोठमा भएको आगलागीमा परेर तीन चौपायाको मृत्यु भएको छ । आगलागीबाट करिब एक लाख ८० हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।



रौतहट प्रहरीका प्रवक्तासमेत रहेका डिएसपी राजु कार्कीका अनुसार बुधवार बिहान करिब ४:३० बजेतिर स्व. सुरेन्द्र साहकी श्रीमती राजकली देवीको बाँस र खरले बनेको गोठ घरमा विद्युत् सर्ट भइ आगलागी भएको छ ।

आगलागीबाट गोठ घरसँगै भित्र रहेको एक भैँसी, दुईवटा खसी र तीनवटा बाख्रा जलेर नष्ट भएका छन् । घटनामा करिब एक लाख ८० हजार रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ ।


आगलागी भएको खबर बिहान ५ बजे इलाका प्रहरी चौकी ब्रहमपुरीमा आउनासाथ असइ कृष्ण मोहन सिंहको कमाण्डमा टोली खटिएको थियो ।

रौतहट प्रहरी र स्थानीयवासीको सहयोगमा करिब २० मिनेटपछि, ५:२० बजे आगो नियन्त्रणमा लिन सफल भएको जनाइएको छ । आगलागी भएको उक्त स्थान इलाका प्रहरी चौकी ब्रहमपुरी बसतपुरबाट करिब दुई किलोमिटर पूर्वतर्फ पर्छ ।

# राजगढमा वडाध्यक्षको निधन

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजगढ गाउँपालिकाका एकजना जनप्रतिनिधिको निधन भएको छ । गाउँपालिका वडा नम्बर ५ स्थित मलेकपुरका अध्यक्ष दुःखीलाल भनिने देवेन्द्र साहको मङ्गलबार राति उपचारको क्रममा निधन भएको छ ।



७० वर्षीय वडा अध्यक्ष साहको उपचारका क्रममा चिवनको भरतपुरस्थित क्यान्सर अस्पतालमा निधन भएको गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डलले जानकारी दिए ।


अध्यक्ष मण्डलका अनुसार साह लामो समयदेखि क्यान्सर रोगबाट पीडित रहेको थियो ।

२०७९ साल वैशाखमा भएको स्थानीय तहको निर्वाचनमा साह ४९७ मत ल्याएर जनता समाजवादी पार्टी (जसपा) नेपालबाट निर्वाचित भएका थिए ।

# क्षयरोगी खोज्दै घरदैलोमा स्वास्थ्यकर्मी

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको लालबन्दी नगरपालिका-२ स्थित पुनर्वासमा क्षयरोगीको उपचार र नयाँ क्षयरोगी पत्ता लगाउन स्वास्थ्यकर्मी घरघरमै पुग्न थालेका छन् ।



पुनर्वास क्षेत्र पछिल्लो समय क्षयरोग (टीबी) को 'हटस्पट' नै बनेको छ । गत आर्थिक वर्ष २०८१/८२ मा यहाँ ३५ जना नयाँ क्षयरोगी फेला परेका आधार भूत स्वास्थ्य सेवा केन्द्र पुनर्वासका कार्यालय प्रमुख सन्तोषकुमार साहले जानकारी दिए ।

यस वडामा अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा आठ जना र त्यसअघि आर्थिक वर्ष २०७९/८० मा तीन जनामा क्षयरोगको सङ्क्रमण पुष्टी भएको थियो । स्वास्थ्य सेवा केन्द्रका इन्चार्ज साहका अनुसार नयाँ फेला परेका क्षयरोगका अधिकांश बिरामीले नियमित उपचार गराइरहेका छन् ।

ती बिरामीलाई घरघरमै पुगेर उपचार गर्ने र नयाँ बिरामीको खोजी गर्न घरदैलो कार्यक्रम सञ्चालन गरिएको आधारभूत स्वास्थ्य सेवा केन्द्रका प्रमुख साहले बताए । उनका अनुसार शंकास्पद व्यक्तिको घरमै गएर खकार संकलन गर्ने र स्वास्थ्यकर्मीले नै नगर अस्पताल लालबन्दीमा ल्याएर खकार परीक्षण गर्ने काम गर्दै आइरहेका छन् ।

"हामीले जिम्मेवारी भन्दा बाहिरको काम अन्तर्गत निस्वार्थ ढङ्गले घरघरमै गएर बट्टामा खकार संकलन गर्नेदेखि ल्याबसम्म लगेर परीक्षण गराइदिने गरिरहेका छौँ," उनले भने, "कतिपय बिरामीलाई त आफ्नै सवारी साधनमा हालेर अस्पतालसम्म पुऱ्याउने कामसमेत भइरहेको छ ।" पुनर्वासमा अधिकांश दलित समुदायको बसोवास रहेको छ ।

क्षयरोग संक्रमित बिरामीले खोक्दा वा हाछ्यूङ गर्दा थुकको छिटाको माध्यमबाट तथा बिरामीको जुठो खाँदा सर्ने चिकित्सकले बताएका छन् । लालबन्दी नगरपालिकाभित्र अहिले १८५ जना क्षयरोगी रहेका स्वास्थ्य शाखा सर्लाहीले जनाएको छ ।

स्वास्थ्य शाखा प्रमुख मुमताज मिकरानीका अनुसार सबैभन्दा बढी क्षयरोगी लालबन्दी-२ स्थित पुनर्वास क्षेत्रमै रहेका छन् । दलित बस्तीमा सरसफाइको कमी र पोषणयुक्त खानेकुराको अभावले गर्दा सङ्क्रमण बढी देखिएको स्वास्थ्य शाखा संयोजक मिकरानीले बताए ।

उनले भने, "अशिक्षाका कारण सरसफाइको कमी छ । उहाँहरूसँग पर्याप्त पोषणयुक्त खानेकुरासमेत छैन् ।" आर्थिक अवस्था दयनीय रहेका क्षयरोगीका बिरामीलाई नगरपालिकाबाट बेलाबेलामा खाद्यान्न तथा पौष्टिकयुक्त खानेकुरा प्रदान गर्दै आइरहेको नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ ।

क्षयरोगीलाई सरकारले निःशुल्क औषधी प्रदान गर्दै आइरहेको छ । स्वास्थ्यकर्मीले जनाए अनुसार क्षयरोगीले कम्तीमा छ महिना अनिवार्य र त्यसपछि चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गर्नुपर्ने हुन्छ ।

# ज्येष्ठ नागरिकसम्बन्धी ऐन प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड

काठमाण्डु । राष्ट्रियसभाका सांसदहरूले 'ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३' को व्यावहारिक रूपमा कार्यान्वन गर्नुपर्नेमा जोड दिनुभएको छ ।

राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको बुधबारको बैठकमा 'ज्येष्ठ नागरिकको जीवन सुरक्षित, गुणस्तरयुक्त र सम्मानित बनाउन थप विशेष व्यवस्था गर्नुपर्ने भन्ने विषयको जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव कार्यान्वयन'सम्बन्धी छलफलमा सांसदहरूले ऐनमा ज्येष्ठ नागरिकका लागि स्वास्थ्योपचारमा ५० प्रतिशत छुट भनिए पनि व्यावहारिक रूपमा कार्यान्वयन हुन नसकेको बताउनुभयो ।



सांसद सुमित्रा बिसीले भन्नुभयो, "ज्येष्ठ नागरिकको नागरिकता नहुँदा वृद्धाश्रममा बस्न पनि समस्या भएको छ, कतिपयले वृद्धाभत्ता पनि पाउनुभएको छैन, यो समस्या समाधानका लागि सरकारले पहल गर्नुपर्छ ।"

सांसद मदनकुमारी शाह (गरिमा)ले प्रत्येक अस्पतालमा ज्येष्ठ नागरिकका लागि छुट्टै शयूयाको व्यवस्था हुनुपर्ने माग गर्नुभयो । कानुनमा ज्येष्ठ नागरिकलाई सार्वजनिक यातायातमा ५० प्रतिशत छुटको व्यवस्था गरिए पनि पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कानुनमा सार्वजनिक सवारीसाधनमा सम्बन्धित सवारीधनी वा सञ्चालकले ज्येष्ठ नागरिकका लागि कम्तीमा दुईवटा सिट सुरक्षित राख्नुपर्छ र यात्रु भाडादरमा कम्तीमा ५० प्रतिशत छुट दिनुपर्ने व्यवस्था गरिएको छ । सांसद रेनु चन्दले ज्येष्ठ नागरिकमैत्री भौतिक संरचना बनाउनुपर्नेमा जोड दिनुभयो ।

त्यसैगरी, सरकारले तोकेको स्वास्थ्य संस्थाले सरकारले तोकेको स्᳚यामा ज्येष्ठ नागरिकले त्यस्तो संस्थामा उपचार गराउँदा लाग्ने शुल्कमा कम्तीमा ५० प्रतिशत छुट दिनुपर्ने पनि कानुनमा उल्लेख छ । सांसद युवराज शर्माले भन्नुभयो, "यदि बाबुले कमाएको सम्पत्तिमा छोराको हक हुन्छ भने छोराले कमाएको सम्पत्तिमा पनि बाबुको हक हुने कानुनी व्यवस्था गर्नुपर्छ ।"

सामाजिक सेवा एकाइ कार्यक्रम सञ्चालन भएका ७७ जिल्लाका ९४ वटा अस्पतालबाट ज्येष्ठ नागरिकका लागि निःशुल्क तथा आंशिक रूपमा अस्पतालले तोकिएको स्वास्थ्य सेवा उपलब्ध हुने व्यवस्था गरेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेतले ज्येष्ठ नागरिक १६ लाख ६० हजार ३७०, दलित ज्येष्ठ नागरिक एक लाख ६१ हजार ८२५, एकल महिला ज्येष्ठ नागरिक एक लाख ७३ हजार ५६० र अन्य ज्येष्ठ नागरिक १७ हजार १५९ तोकिएको सामाजिक सुरक्षा भत्ताबाट लाभान्वित भएका जानकारी दिनुभयो ।रासस

# व्यापार सहजीकरण लागि उत्तरका थप नाका खोल्न माग

काठमाण्डु । नेपाल समुद्रपार निकासी पैठारी सङ्घले बाढीपहिरोका कारण उत्तरतर्फका दुई व्यापारिक नाका रसुवागढी र तातोपानी वर्षायाममा बर्सेनि बन्द हुने गरेकोले मित्रराष्ट्र चीनसँग स्थलमार्गबाट हुने व्यापारलाई सहज बनाउन अन्य नाका खुलाउनेतर्फ कूटनीतिक पहल र पूर्वाधारको व्यवस्था गर्न माग गरेको छ ।



गत असार २४ गतेको बाढीले नेपाल र चीन जोड्ने मितेरी पुल बगाएपछि रसुवागढी नाकाबाट मानिस र व्यापारिक सामानको आवागमन ठप्प भएको छ । बाढीपहिरोकै कारण सिन्धुपाल्चोकको तातोपानी नाका दुई सातादेखि अवरुद्ध छ ।

प्राकृतिक प्रकोपका कारण अकस्मात नाका बन्द हुँदा नेपालका लागि आयात भएका मालसामान बोकेका सयौँ कन्टेनर र ट्रकहरुबीच बाटोमै अलपत्र परेका छन् ।

चीनसँगको आयात-निर्यात सहज बनाउन अन्य नाकाहरु खोल्नु जरुरी रहेकाले कूटनीतिक पहलमार्फत ती नाकाहरु अविलम्ब सञ्चालनमा ल्याउन र अन्य वैकल्पिक नाकामा पूर्वाधारको व्यवस्था गर्न सङ्घले सरकारलाई आग्रह गरेको हो ।

व्यवस्थापिका संसद्को विकास समितिले विसं २०७२ मा उत्तरी नाकाहरुको अवस्था अध्ययन गरी कोरला र ओलाङ्चुङगोला नाका सञ्चालनमा ल्याउन सकिने सुझाव दिएको थियो ।

नेपाल र चीन सरकारका उच्च अधिकारीहरु एक दशकअघि नै द्विपक्षीय छलफलका क्रममा सात वटा उत्तरी नाका खोल्न सहमत भएका थिए । ती नाकाहरुमा तातोपानी, मुस्ताङको कोरला, स᳚ुवासभाको किमाथाङ्का, दोलखाको लामाबगर, ताप्लेजुङको ओलाङचुङगोला, मुगुको आम्जापास, हुम्लाको यारी हिल्सा र गोरखाको लार्के थिए ।

कोरला नाका १२ महिना नै सञ्चालन गर्न सकिने अवस्थामा छ । कोरला नाकामा चीनतर्फ पूर्वाधार पनि तयार छ । नेपालतर्फ कोरालासम्म सडक पुगिसकेको छ । ताप्लेजुङको ओलाङ्चुङगोला नाकाबाट दुई मुलुकबीचको व्यापार सञ्चालन गर्न सकिने अध्ययनले देखाएको छ । ती नाका छिटोभन्दा छिटो व्यापारिक प्रयोजनका लागि खुला गर्न र व्यापारिक हिसाबले उपयुक्त अन्य नाका सञ्चालनमा ल्याउने वातावरण तयार गर्न सङ्घले सरकारको ध्यानाकर्षण गराएको छ ।

आयात व्यापारमा चीन नेपालको दोस्रो ठूलो साझेदार हो । पछिल्लो समय पूर्वाधार तयार भएसँगै चीनसँगको व्यापार उत्तरी नाकातर्फ सर्ने क्रम बढेको तथ्याङ्कले देखाउँछ । भन्सार विभागको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८१/८२ मा तातोपानीबाट रु ५० अर्बभन्दा बढीको र रसुवागढी नाकाबाट रु ८५ अर्बभन्दा बढीको सामान आयात भएको छ ।रासस

# 'लगानीमैत्री वातावरण बनाउन सरकार लागि परेको छ'

कीर्तिपुर । पर्यटन, संस्कृति तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पर्यटनमा निजी क्षेत्रलाई लगानीमैत्री वातावरण बनाउन सरकार लागि परेको बताउनुभएको छ ।



कलंकी होटल एण्ड गेष्ट हाउस एशोसिएशनको १३औँ वार्षिक साधारणसभामा उहाँले सरकारले होटेल आदि चलाएर साध्य हुँदैन त्यसैले निजी क्षेत्रलाई रातो कार्पेट बिछ्याएर स्वागत गर्न सरकार तयार छ", उहाले भन्नुभयो ।

उहाँले सरकारको नियमन गर्ने काममा सहयोगी हुन, श्रम शोषण नगर्न र उपभोक्ताबाट अत्यधिक नाफा अशुल नगर्न मन्त्री पाण्डेले आग्रह गर्नुभयो । "एकपटक आएको मान्छे पटकपटक आउने गरी राम्रो व्यवहार गर्ने र भौतिक व्यवस्थापनतर्फसँगसँगै लैजान मन्त्री पाण्डेले व्यवसायीलाई आग्रह गर्नुभयो ।", थकाली खाना लोकप्रिय हुनुको कारण त्यहाँ गरिने राम्रो व्यवहार हो", उहाँले भन्नुभयो ।

मन्त्री पाण्डेले कलंकी-कोटेश्वर-स्वयम्भू आसपासका होटेल र गेष्ट हाउसका पेसागत हितका लागि २०६६ सालमा स्थापित एशोसिएशनमा हाल एक सय पाँच होटल तथा गेष्ट हाउस सदस्य रहेका छन् । संस्थाले आगामी दिनमा होटेल व्यवसायीका लागि आचारसंहिता जारी गर्न, कलंकी क्षेत्रमा सरसफाइ गर्ने र अन्य सामाजिक कार्य गर्ने योजना रहेको जनाएको छ ।रासस

# पाकिस्तानको संसदीय प्रतिनिधिमण्डलसँग सभामुखको शिष्टाचार भेटवार्ता

काठमाण्डु । सभामुख देवराज घिमिरेले बुधबार सिंहदरबारमा पाकिस्तानको संसदीय प्रतिनिधिमण्डलसँग भेटवार्ता गर्नुभएको छ । काठमाडौँमा मङ्गलबार सम्पन्न भएको हिन्दूकुश हिमालय संसदीय सम्मेलनमा सहभागी हुन नेपाल आउनुभएका पाकिस्तानको संसदीय प्रतिनिधिमण्डलसँग सभामुखले बुधबार शिष्टाचार भेटवार्ता गर्नुभएको हो ।



पाकिस्तानी सांसद मुनाजा हसनको नेतृत्वमा आएको प्रतिनिधिमण्डललाई स्वागत गर्दै सभामुख घिमिरेले दुई देशबीचको मैत्रीपूर्ण सम्बन्ध तथा क्षेत्रीय सहकार्यका सम्भावनाबारे जानकारी दिनुभएको थियो । भेटमा उहाँले जलवायु परिवर्तन, दिगो विकास र जनजीविकामा पर्वतीय क्षेत्रले भोगिरहेका चुनौतीलाई साझा एजेण्डा बनाएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

सभामुखले दुई देशबीच व्यापार, कनेक्टिभिटी तथा पर्यटनका सम्भावना रहेको बताउँदै त्यसमा संसदीय सहकार्य गर्न सकिने धारणा राख्नुभयो । प्रतिनिधिमण्डलकी नेतृ हसनले नेपालले हिन्दूकुश हिमालय 'पार्लियामेन्टेरियन्स मिट-२०२५' सफलतापूर्वक सम्पन्न गरेको भन्दै धन्यवाद ज्ञापन गर्नुभयो । नेपालले जलवायु परिवर्तनको असर न्यूनीकरण र पर्वतीय पारिस्थितिकी संरक्षणमा खेलेको भूमिकाको उहाँले प्रशंसा गर्नुभयो ।रासस


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आफ्ना मान्छेको साथ मिल्नेछ । |
| वृष : | तपाईको मनमा शान्ति मिल्नेछ । |
| मिथुन : | सञ्चित धन खर्च हुनेछ । खर्च कटौती गर्नु राम्रो हुनेछ । |
| कर्कट : | खराब बोलीले साथी टाढा हुनेछन् । लगानीको तर्फबाट फाइदा हुनेछ । शिक्षाको क्षेत्रमा प्रगति हुनेछ । |
| सिंह : | दिन सहज छ । लगानीका क्षेत्रमा उत्साह बढ्नेछ । |
| कन्या : | देशको भन्दा विदेशको रमझमले मन तान्नेछ । लगानी गर्न हिम्मत गर्नुपर्ने दिन छ । |
| तुला : | आज तपाईका आफन्त टाढिने जोखिम छ । बोल्दा सचेत बन्नु राम्रो हुनेछ । |
| वृश्चिक : | आफन्तले साथ दिनेछन् । |
| धनु : | तपाईको बोलीको प्रभावले महत्वपूर्ण काम बन्नेछ । |
| मकर : | सञ्चित धन खर्च हुनसक्छ । |
| कुम्भ: | शुभग्रहको बहुमत छ । सोचेका काम बन्नेछन् । |
| मीन : | साथीभाइबाट असहयोग हुनसक्छ । थोरै बोलेर अगाडि बढनु फाइदा हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जसपा,नेपाल निकट युवा र विद्यार्थी संगठनद्वारा जनकपुरधाममा बुधबार गरेको विरोध प्रदर्शन । तस्विर : टुडे

# 'खानेपानी, जलस्रोत तथा सिँचाइका क्षेत्रमा वैज्ञानिक प्रणाली अपनाइने'

काठमाण्डु । खानेपानीमन्त्री प्रदीप यादवले खानेपानी, जलस्रोत तथा सिँचाइका क्षेत्रमा दिगो र वैज्ञानिक प्रणाली अपनाउनु वर्तमान आवश्यकता भएको बताउनुभएको छ ।

बुधबार नेपाल हाइड्रोजियोलोजिकल एसोसियशनद्वारा यहाँ आयोजित 'प्रथम नेपाल जलभूगर्भ सम्मेलन' को उद्घाटन कार्यक्रममा उहाँले कृषिमा भूमिगत सिँचाइको दिगो प्रयोगका लागि अध्ययन, अनुसन्धान वैज्ञानिक तथ्यमा आधारित भएर गर्नुपर्नेमा जोड दिनुभयो ।

मन्त्री यादवले भन्नुभयो, "राष्ट्रको समृद्धिका लागि भूमिगत जलको उपयोग, दिगो व्यवस्थापन, भूमिगत जलको प्रदूषणबाट सिर्जित विपद् न्यूनीकरण, वातावरण विनाश, जलवायु परिवर्तन तथा यसका असरहरू न्यूनीकरणका विषयमा केन्द्रित रही महत्त्वपूर्ण छलफल गरी प्रभावकारी योजना बनाउनु जरुरी छ ।"

नागरिकको पहिलो आवश्यकता खानेपानीको सहज आपूर्तिसँगै मुलुकको आर्थिक समृद्धिको मूल आधार मानिने भएकाले सोहीअनुसार काम अगाडि बढाउन आवश्यक रहेको मन्त्री यादवको भनाइ छ । उहाँले जलस्रोतको उपयोग, व्यवस्थापन र संरक्षणका सन्दर्भमा वैज्ञानिक दृष्टिकोण अपनाउनुपर्नेमा जोड दिनुभयो ।

जलवायु परिवर्तनका गहिरिँदै गएका प्रभावहरू र अनियन्त्रित जनसङ्ख्या वृद्धिका कारण सतहमा रहेका जलस्रोतमा अत्यधिक चाप परेकाले यसको प्रत्यक्ष असर भूमिगत जलस्रोतको तीव्र दोहनका रूपमा देखिएको उहाँले उल्लेख गर्नुभयो । यसले दीर्घकालीन रूपमा गम्भीर समस्या उत्पन्न गर्नसक्नेतर्फ सबै सचेत हुनुपर्ने उहाँको भनाइ छ ।

मन्त्री यादवले नेपालका तराई क्षेत्रका लाखौँ नागरिकको जीवनमा भूमिगत जलको प्रत्यक्ष प्रभाव रहेको जनाउँदै यसको संरक्षणमा सबैले सहकार्य र समन्वय गर्नुपर्नेमा जोड दिनुभयो । "हामी प्रायः हिमालबाट बग्ने नदीनाला, तालतलैया र झरनाहरूको चर्चा गर्छौँ तर हाम्रो समृद्धिको एउटा ठूलो हिस्सा जमिनमुनि लुकेको भूमिगत जल हो", उहाँले भन्नुभयो, "यो अदृश्य तर अमूल्य स्रोत हो, जुन कृषि, उद्योग र दैनिक जीवनका लागि अनिवार्य बनिसकेको छ ।"



मन्त्री यादवले यस सम्मेलनबाट प्राप्त हुने सुझाव तथा निष्कर्षहरू सङ्घीय र प्रदेश सरकारलाई उपलब्ध गराउनुपर्ने बताउँदै यसले खानेपानीको अभावले सङ्कटमा परेका क्षेत्रहरूको दीर्घकालीन समस्या समाधानमा योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "खानेपानीको दिगो समाधान र समग्र विकासमा योगदान पुग्ने उद्देश्यले आयोजित यस सम्मेलनको पूर्ण सफलता र महत्त्वपूर्ण निष्कर्षहरू प्राप्त होउन् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।"

खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक इञ्जिनियर रामकुमार श्रेष्ठले जलवायु परिवर्तनका कारण तराईमा चापाकल सुकेकाले खानेपानीको समस्याबाट पीडित भएका बताउनुभयो । मन्त्रालय र विभागले सहन्वय गरी तराई क्षेत्रमा तत्काल राहत दिनुका साथै दीर्घकालीन समाधानका लागि योजनाबद्ध काम गरिरहेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "हामी अहिले देखिएका समस्या समाधानका लागि तत्काल राहत दिन प्रतिबद्ध छौँ र दिइरहेका छौँ । दीर्घकालीन रूपमा देशभर पानीको सन्तुलित वितरण र उपयोगका लागि ठोस नीति निर्माण र वैज्ञानिक अध्ययन आवश्यक छ ।"

जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक मित्र बरालले भूमिगत जलस्रोतको संरक्षण, दीर्घकालीन उपयोग र जल सङ्कट समाधानको मार्गमा यस्ता सम्मेलनहरू महत्त्वपूर्ण मञ्च बन्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "सम्बन्धित मन्त्रालय, विज्ञ र नीति निर्माता मिलेर वैज्ञानिक अनुसन्धानमा आधारित योजना अघि बढाए मात्र खानेपानीको दीर्घकालीन समाधान सम्भव देखिन्छ ।"

उक्त कार्यक्रममा नेपालका साथै विदेशबाट जल व्यवस्थापनसँग सम्बन्धित ख्याति प्राप्त विज्ञ, नेपाल सरकारका विभिन्न निकायका प्रतिनिधि, त्रिभुवन विश्वविद्यालय, गैरसरकारी संस्था तथा सरोकार भएका संस्थाका प्रतिनिधिसहित करिब एक सय ५० भू-वैज्ञानिक, भूमिगत जल विज्ञ, इञ्जिनियर, वातावरण विज्ञलगायतको सहभागिता छ ।रासस

# 'विपन्नताका आधारमा सामाजिक सुरक्षा भत्ता वितरण गरिनुपर्छ'

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले सामाजिक सुरक्षा भत्ता आर्थिक हैसियतका आधारमा वितरण गर्नुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित विधेयक समितिको बुधबारको बैठकमा सांसदले राख्नुभएको जिज्ञासाको जवाफ दिँदै उहाँले भन्नुभयो, "नेपालमा २० प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि छ, सामाजिक सुरक्षा भत्ता पहिला उनीहरूलाई दिनुपर्छ, उद्योगपति विनोद चौधरीको आमाबाबुलाई किन भत्ता दिनुपर्यो ?, मेरो आमाबुबा, श्रीमतीलाई किन सामाजिक सुरक्षा भत्ता चाहियो, त्यसकारण आर्थिक रूपमा सम्पन्न होइन, विपन्नलाई आधार मानेर मात्र भत्ता दिनुपर्छ ।"

धनी वा गरिब सबैलाई सामाजिक सुरक्षा भत्ता दिँदा राज्यको आर्थिक अवस्थाले धान्न नसक्ने उहाँको भनाइ छ । मन्त्री सुडीले राज्यको आर्थिक अवस्थाको आकलन नगरीकन आफूले जश लिनेगरी सबै राजनीतिक पार्टीले आफ्नो सरकारको पालामा अन्धाधुन्द सामाजिक भत्ता बढाउने गरेको पनि बताउनुभयो ।रासस

# महिलाकै सङ्घर्षले वर्तमान उपलब्धि हाँसिल भएको हो : परराष्ट्रमन्त्री देउवा

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले नेपाली महिलाहरुको आफ्नै सङ्घर्षले महिला अधिकार र सशक्तीकरणका क्षेत्रमा वर्तमान उपलब्धि हासिल भएको बताउनुभएको छ ।

नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल महिला सङ्घद्वारा बुधबार आयोजित 'विगत वर्तमान र भविष्यमा नेपाल महिला सङ्घको भूमिका' विषयक गोष्ठीको उहाँले महिला अधिकारका क्षेत्रमा धेरै उपलब्धि हाँसिल भएको बताउनुभएको हो । "महिलाले महत्वपूर्ण संवैधानिक अधिकार प्राप्त गरेका छन् । त्यो सबै नेपाली महिलाहरुले गरेको सङ्घर्षकै उपलब्धि हो", उहाँले भन्नुभयो ।

मन्त्री डा राणाले नेपाली कांग्रेसकै महिला नेतृहरु मङ्गलादेवी सिंहदेखि लिएर शैलजा आचार्यसम्मका महिलाको योगदानको स्मरण गर्दै उहाँहरु र अरु महिला नेतृहरुको लामो सङ्घर्ष र बलिदानीपछि नेपाली महिला आन्दोलनले



आजको उपलब्धि हासिल गर्न सकेको स्पष्ट पार्नुभयो ।

उहाँले वर्तमान अवस्था पर्याप्त भने नरहेको र महिलाले अझै धेरै सङ्घर्ष गर्न बाँकी रहेको बताउनुभयो । उहाँले विसं २००७ को क्रान्तिदेखि गणतन्त्रको प्राप्तिसम्मका सबै आन्दोलनमा नेपाली महिलाको सक्रिय सहभागिता रही आएको स्मरण गर्नुभयो ।

"अग्रजहरुकै प्रेरणाबाट हामी महिला अधिकारको सङ्घर्षमा लाग्यौँ र वर्तमान संविधान र नेपालका विद्यमान कानुनमा महिला अधिकारबारे पहिलो पटक राम्रो व्यवस्था गर्ने वातावरण निर्माण गर्न सक्यौँ", उहाँले भन्नुभयो ।

वर्तमान संविधानले नेपालको सङ्घीय तथा प्रदेश संसद्मा कम्तीमा ३३ प्रतिशत र स्थानीय तहमा ४० प्रतिशत महिला प्रतिनिधित्वको सुनिश्चितता गर्नु सकारात्मक भएको उहाँको भनाइ थियो । नेपाली कांग्रेसकी नेतृ डा राणाले यी उपलब्धिको रक्षा गर्दै यो कानुनी सुनिश्चिततालाई अर्थपूर्ण र व्यावहारिक बनाउन महिलाले नै सङ्घर्ष गर्नुपर्ने अवस्था आएको उल्लेख गर्नुभयो ।

महिला अधिकारको अहिलेको अवस्था त्यसै नआएको र वर्तमान संवैधानिक सुनिश्चितताका लागि संविधान लेख्ने बेलामा आफूहरुले निकै सङ्घर्ष गर्नुपरेको मन्त्री राणाले स्मरण गर्नुभयो । उहाँले महिलालाई राजनीतिमा सजिलो नरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "हाम्रो समाजमा अहिले पनि पितृसत्तात्मक सोच हाबी नै छ । महिलालाई राजनीतिमा सजिलो छैन । त्यसैले महिलाका लागि महिला नै लाग्नुपर्छ, लड्नुपर्छ भनेर नै हामीले सबै दिदीबहिनीहरुलाई जागरुक गर्यौँ, सशक्त बनायौँ र अधिकारका लागि अघि बढ्न तयार पार्यौँ ।"

उहाँले नेपालमा मात्र नभएर विश्वका अरु देशहरुमा महिलालाई राजनीति गर्न गाह्रो हुने गरेको अनुभव विश्वका नेतृहरुले सुनाउने गरेको बताउनुभयो ।रासस

# कुवेतमा विषाक्त मदिरा सेवनबाट बिरामी परेका नेपालीको अवस्था जानकारी गराउन माग

काठमाण्डु । प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरूले कुवेतमा विषाक्त मदिरा सेवनबाट ज्यान गुमाएका नेपालीको शव स्वदेश फिर्ताको प्रक्रिया र उपचाररत कामदारको स्वास्थ्य अवस्थाबारे सदनमार्फत जानकारी गराउन माग गर्नुभएको छ । बैठकको आकस्मिक समयमा सांसदहरूले कुवेतमा विषाक्त मदिरा सेवनबाट बिरामी परेका नेपालीको अवस्थाबारे जानकारी गराउन माग गर्नुभएको हो ।

सांसद रमा कोइराला पौड्यालले कुवेतमा विषादीयुक्त मदिरा सेवनबाट १२ जनाको निधन भएको र केही व्यक्ति सघन उपचारकक्षमा उपचाररत रहेका बताउँदै यो घटनाबारे सरकारले सदनलाई विस्तृत जानकारी गराउनुपर्ने माग गर्नुभयो । यो घटनापछि त्यहाँको सरकारले कामदारमाथि धरपकड सुरु गरेको समाचारहरू पनि बाहिरिएकाले नेपालीको अवस्था के छ भनेर सरकारले सोधीखोजी गर्नुपर्ने उहाँको भनाइ छ । त्यस्तै, विदेश जाने श्रमिकलाई दिइने अभिमुखीकरण तालिम पर्याप्त नरहेको सांसद पौड्यालले बताउनुभयो ।

सांसद जनार्दन शर्माले कुवेतमा विषाक्त मदिरा सेवनबाट मृत्यु भएकाहरूको शव नेपाल ल्याउनका लागि भइरहेका प्रक्रिया र उपचाररतहरूको स्वास्थ्य अवस्थाबारे संसद्मा जानकारीका लागि आग्रह गर्नुभयो । त्यस्तै, बाढीपहिरोका कारण सडक सञ्जाल बिग्रिएको र दुर्घटनाको जोखिम बढेको विषयमा पनि उहाँले संसद्को ध्यानाकर्षण गर्नुभयो ।

अस्थायी आवासगृहमा बसिरहेका जाजरकोटका भूकम्पपीडितलाई वर्षायामले थप प्रभावित भएको बताउँदै सांसद शर्माले पुनर्निर्माणलाई गति दिन सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।

बुधबारको बैठकमा प्रतिपक्ष दलका सांसदहरूले उपसभामुखलाई हटाउनका लागि सत्तारुढ दलले षड्



यन्त्र गरिरहेका आरोपसमेत लगाएका छन् । सांसद सन्तोष परियारले उपसभामुख इन्दिरा रानालाई पदमुक्त गर्नेगरी सत्तापक्ष दलहरूले गृहकार्य गर्नु दुःखद् रहेको बताउनुभयो । सत्तारुढ दलले ह्वीप जारी गरी हस्ताक्षर सङ्कलन गरेर सांसदहरूको विवेकलाई बन्दी बनाउन नहुने उहाँको धारणा थियो । कार्यपालिकाले व्यवस्थापिकामाथि हस्तक्षेप गरेको भन्दै यस्ता कार्यले लोकतन्त्र नै खतरामा पर्ने परियारले बताउनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद रोशन कार्कीले उपसभामुखलाई महाअभियोग लगाउनका लागि नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले खाली कागजमा हस्ताक्षर गराएको आरोप लगाउनुभयो । भिजिट भिसा प्रकरणमा गृहमन्त्रीमाथि छानबिन नगर्ने वर्तमान सरकारले उपसभामुखसँग जोडिएको पुरानो विषयलाई बाहिर ल्याएर साना दललाई हतोत्साही गरिरहेको उहाँको भनाइ छ ।

संवैधानिक निकायमा आफू अनुकूलका व्यक्ति नियुक्ति गर्न संवैधानिक परिषद्मा बहुमत पुर्याउन सरकारले उपसभामुख रानालाई पदमुक्त गर्न षड्यन्त्र गरिरहेको समेत सांसद कार्कीले आरोप लगाउनुभयो ।

आकस्मिक समयमा सांसद महेशकुमार बर्तौलाले मकवानपुर जिल्लाको मनहरी गाउँपालिका-६ मा चट्याङ लागेर एक जनाको मृत्यु र आठ जना घाइते भएका विषय सदनमा उठाउनुभयो । चट्याङलगायत विपद्जन्य घटनामा मृत्यु भएका परिवारलाई सरकारबाट उपलब्ध गराइने राहत रकम बढाउनुपर्ने माग उहाँले राख्नुभयो ।

सांसद रुक्मिणी राना बराइलीले पछिल्लो समय महिला हिंसाका घटना बढिरहेको भन्दै महिला हिंसा नियन्त्रण गर्न प्रभावकारी कानुन कार्यान्वयनमा गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले महिला हिंसाका घटनाबारे सदनको ध्यानाकर्षण गराउनुभयो ।

सांसद महेन्द्रराय यादवले सर्लाही जिल्ला हरिपुर्वा नगरपालिकामा असुरक्षा बढेको बताउँदै त्यहाँ इलाका प्रहरी कार्यालय स्थापना गर्ने र शान्ति सुरक्षा कायम गर्न सरकारसँग आग्रह गर्नुभयो । त्यस्तै, तराईका क्षेत्रमा अहिले पनि खानेपानी र सिँचाइको समस्या कायम रहेको उहाँले उल्लेख गर्नुभयो ।

सांसद डा अमरेशकुमार सिंहले हरिपुर्वामा पूर्वशिक्षक रामपुकार रायको गोली हानेर हत्या भएको विषय संसद्मा उठाउँदै नागरिकको जीउधनको सुरक्षाको प्रत्याभूति गर्न माग गर्नुभयो । सत्तारुढ दुई ठूला दलले साना दललाई तर्साइरहेका उहाँले आरोप लगाउनुभयो । न्याय पालिकामा सरकारको हस्तक्षेप बढेको उहाँको आरोप छ ।

सांसद अब्दुल खानले बर्दिया जिल्लामा बाघसहित जङ्गली जनावरको आक्रमणबाट नागरिकले ज्यान गुमाउनेक्रम नरोकिएको बताउनुभयो । बाघको आक्रमण रोक्नका लागि राज्यका निकायबाट गम्भीर पहल गरिनुपर्ने उहाँले माग राख्नुभयो ।

सांसद वासुदेव घिमिरेले हालसम्म दुई सय ५३ पालिकाले मात्रै भूउपयोग नीति बनाएका जनाउँदै तीबाहेकका अन्य पालिकाले भूउपयोग नीति लागू नगर्दा जमिनको कित्ताकाट खुल्न नसकेको बताउनुभयो । भूउपयोग नीति कार्यान्वयनका लागि स्थानीय तहलाई सङ्घीय र प्रदेश सरकारले सहजीकरण गरिनुपर्ने उहाँले धारणा राख्नुभयो ।

बुधबारको बैठकमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले 'बालबालिकासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८२ माथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुनेछ । त्यस्तै मन्त्री सुडीले 'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०८१ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्' भनी प्रस्ताव पेस गर्नुहुने कार्यसूची रहेको छ ।

### विषेश कारणवश प्रधानमन्त्रीसाग प्रत्यक्ष प्रश्नोत्तर कार्यसूचीबाट हटाइयो

प्रतिनिधिसभाको बुधबारको बैठकको सम्भावित कार्यसूचीबाट विषेश कारणवश 'प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर' सूची हटाइएको छ । प्रतिनिधिसभाको बुधबारको बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले सांसदहरुले समसामयिक विषयमा राख्नुहुने जिज्ञासाको जवाफ दिने सम्भावित कार्यसूची रहेको थियो । प्रतिनिधिसभा नियमावली, २०७९ को परिच्छेद ९ मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको प्रावधान रहेको छ ।

सभामुख देवराज घिमिरेले सदनको बुधबारको बैठकमा विषेश कारणवश प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यसूचीबाट हटाएको जानकारी गराउनुभयो ।

कार्यसूचीमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले बालबालिकासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८२ माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्ने रहेको छ । यसैगरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०८१ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने कार्यसूची रहेको छ ।रासस

# गुरुङ समुदायले मातृभाषा जोगाउने अभियानमा सुरु गर्नुपर्छः मन्त्री गुरुङ

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले गुरुङ समुदायको मातृभाषा लोप हुँदै गएकाले मातृभाषा संरक्षण र पुस्तान्तरण अभियान घरबाट सुरु गर्नुपर्नेमा जोड दिनुभएको छ ।

नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा बुधबार आयोजित गुरुङ भाषाको 'तमू कए' पत्रिका सार्वजनिक कार्यक्रममा मन्त्री गुरुङले बसाइँसराइका कारण गुरुङ भाषा र संस्कृति लोप हुने खतरा बढ्दै गएको बताउनुभयो । कुनै समुदायको अस्थित्व उसको भाषा र संस्कृतिमा झल्किने हुँदा गुरुङ समुदायले मातृभाषा संरक्षण र पुस्तान्तरणमा विशेष पहल गर्नुपर्ने उहाँको भनाइ छ ।

"कुनै पनि भाषाको संरक्षण घरबाटै सुरु हुन्छ", उहाँले भन्नुभयो, "तमू भाषा र योसँग जोडिएको मौलिक संस्कृति जोगाउने अभियान सुरु गरिहाल्नुपर्ने जरुरी छ । अहिदे शासन व्यवस्था ल्याउनुको मुख्य उद्देश्य समतामूलक समाज र समावेशी चरित्रको अभ्यास गर्नु रहेको उल्लेख गर्नुभयो । सङ्घीय शासन प्रणालीमा सबैको स्वामित्व महसुस गराउने उद्देश्यले आरक्षण, समावेशी नीति ल्याइएको बताउँदै उहाँले गुरुङ समुदायले यो अवसरलाई भरपुर उपयोग गर्न नसकेको गुनासो गर्नुभयो । उहाँले संविधानले दिएका समावेशीका अवसरलाई उपयोग गरेर राज्यको मूलधारमा पुग्न गुरुङ समुदायले जोड गर्नुपर्ने सुझाव दिनुभयो ।

आदिवासी जनजाति उत्थान प्रतिष्ठानका उपाध्यक्ष रेशम गुरुङले प्रतिष्ठानमार्फत जनजातिको भाषा, संस्कृति, कला र जीवनशैलीको दस्ताबेजीकरण गर्ने कार्य हुँदै आएको बताउनुभयो । जनजातिलाई निजामती सेवामा पहुँच वृद्धि गर्न निःशुल्क लोकसेवा तालिम सञ्चालन गर्नुपर्नेमा जोड दिँदै उहाँले




संरक्षणसँगै पुस्तान्तरणमा जोड दिएनौँ भने हाम्रा पुर्खाले आर्जेको कला, संस्कृति र भाषा लोप हुँदै जानेछ ।"

प्रतिष्ठानले तमू भाषाको पत्रिका पहिलो पटक प्रकाशन गरेकामा धन्यवाद दिँदै मन्त्री गुरुङले यो पहल सकारात्मक देखिए पनि मुख्य भाषालाई जीवन्त राख्ने आधार परिवार र समुदाय हुनपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "प्रतिष्ठानले पत्रिका निकाल्नु इतिहास हो । तर, वास्तविक भाषा संरक्षण घरबाट सुरु हुनुपर्छ र यसलाई पुस्तान्तरण गर्दै जानुपर्छ ।"

मन्त्री गुरुङले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक निजामती सेवामा गुरुङ समुदाय न्यून उपस्थिति हुनु चिन्ताको विषय भएको बताउनुभयो ।

नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले प्रतिष्ठानप्रति सबै समुदायको साझा अनुभूति गराउन मातृभाषाका पत्रिका प्रकाशन गर्न जरुरी रहेको बताउनुभयो । यो अभियानलाई प्रतिष्ठानले ढिलै भए पनि निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

प्रतिष्ठानका मातृभाषा विभाग प्रमुख राजन मुकारुङले नेपालमा भएका विभिन्न मातृभाषामध्ये, चार वटा भाषाका मातृभाषा पत्रिका अहिलेसम्म प्रकाशन भएका जानकारी दिनुभयो ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# अदालतको आदेशपछि आन्दोलन

सर्वोच्च अदालतले गौर हत्याकाण्डको छानबिन गर्न परमादेश जारी गरिएसंगै जनता समाजवादी पार्टी नेपालका नेता तथा कार्यकर्ताहरु आन्दोलनमा उत्रिएका छन् । अदालतको आदेशको विरुद्धमा विभिन्न ठाउँमा जसपा नेपालका नेता तथा कार्यकर्ताहरु एकातर्फ उत्रिदैं गर्दा अर्को तर्फ सो पार्टीका अध्यक्ष उपेन्द्र यादवले गौर हत्याकाण्डको फाइल खोल्न र छानबिनको आदेश आएपछि आफू अनुसन्धानमा निष्पक्ष सहयोग गर्ने बताएका छन् । १९ वर्षअघिको बहुचर्चित गौर हत्याकाण्डको छानबिन अघि बढाउन भन्दै सर्वोच्च अदालतले सोमबार आदेश दिएको थियो। गौर हत्याकाण्डका घाइतेमध्येका त्रिभुवन साहलगायतले दायर गरेको रिट निवेदनमाथिको सुनुवाइपछि अदालतले छानबिनका लागि परमादेश जारी गरिएको छ । न्यायिक जाँचबुझ आयोगका साथै राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रसंघीय मानव अधिकार आयोगसमेतले यस विषयमा अनुसन्धान गरेर आफ्ना प्रतिवेदनहरू ल्याइसकेको छ । करिब १९ वर्षपछि आएर पुनः मुद्दा अघि बढाउनु राजनीतिक प्रतिशोध हुनसक्ने मधेश केन्द्रित दलका कतिपय नेताको बुझाइ रहेको छ । त्यसो त फैसलाको पूर्णपाठ नआइसकेकोले मुद्दाबारे बोल्नु हतार हुने भन्दै जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले संक्षिप्त प्रक्रिक्रिया दिएर अदालतको परमादेशको पूर्णपाठको विवरणको प्रतीक्षामा छन् । गौर हत्याकाण्डमा मारिएका आफन्त तथा घाइतेहरूले जिल्ला प्रहरी कार्यालय, रौटहटमा जाहेरी दिँदा समेत कुनै छानबिन अघि नबढेको भन्दै अनुसन्धान अघि बढाउन आदेशको माग गरेका थिए । मुद्दामा विपक्षी बनाइएकाले प्रहरी मुख्यालय, गृह मन्त्रालयलगायतका नाममा समेत सर्वोच्च अदालतले आदेश दिएको छ। यता अदालतले जसपा नेपालका अध्यक्ष यादवलगायतविरुद्ध रौतहटको गौर हत्याकाण्डको विषयमा अनुसन्धान अघि बढाउन भन्दै परमादेश जारी गरेपछि त्यसबारेमा पार्टीले कानुनविद्सँग पनि छलफल गरेको छ । परमादेश जारी भएलगत्तै केही कानुनविद्हरूसंग जसपा नेपालले छलफल गरेको थियो । विगतमा विभिन्न आधिकारिक निकायले अध्ययन अनुसन्धान गरिसकेर प्रतिवेदन बुझाइसकेकाले थप अनुसन्धानको आवश्यकता नपर्ने सुझाव दिएको बताइन्छ। गौर हत्याकाण्डको छानबिन गर्न परमादेश जारी भएसंगै दिनहुँ जसो जसपा नेपालका कार्यकर्ताहरु सडक तताउन थालेका छन्। जुन अदालतको मानहानीसंगै अवहेलना पनि हो। र अदालतको परमादेशलाई नमान्नु भन्नु पनि गलत हो। एकातिर आन्दोलन गर्ने र अर्को तिर अदालतको आदेशको सम्मान पनि गर्ने भन्नु द्वैध चरित्र हो। त्यसैले पनि यस घटनाबारे स्पष्ट नीति लिइ आफ्नो स्पष्ट अडानमा रहनुपर्ने देखिन्छ । गौर हत्याकाण्डमा जसपा नेपाललाई मात्र नभइ सो घटनामा मुछिएका १३० जना मुछिएको छ।

# नयाँ पुस्ताले राजनीति कसरी बदल्न सक्छ?



क्षितिज बिक्रम खनाल

नेपालको राजनीतिक यात्रामा हरेक ठूलो परिवर्तनमा युवाको योगदान सधैं अग्रपंक्तिमा रह्यो। राणा शासनविरुद्धको विद्रोह होस् वा २०४६ सालको जनआन्दोलन, २०६२/६३ सालको जनआन्दोलन होस् वा गणतन्त्रको स्थापना, हरेक मोडमा युवाहरूले आफ्ना सपना, ऊर्जा र बलिदान दिएका छन्। तर विडम्बना के छ भने, आन्दोलनको नेतृत्वमा प्रायः पुराना नेताहरू नै कायम रहिरहेका छन। युवाले क्रान्ति जिते, तर निर्णय प्रक्रियामा पुरानै पुस्ता बसिरहे। यसरी नयाँ पुस्ता आन्दोलनमा प्रयोग हुने तर नेतृत्वमा पहुँच नपाउने चक्र निरन्तर दोहोरिँदै आएको छ।

यो क्रमले युवाको ऊर्जा र योगदानले देशमा परिवर्तन त ल्याउँछ, तर त्यसको लाभ पुरानै पुस्ताले भोग्छ। नेतृत्वमा पुस्तान्तरण हुन नसक्दा नयाँ विचार र दृष्टिकोण संस्थागत हुन पाउँदैनन्, जसले गर्दा राजनीति स्थायित्वभन्दा बढी असन्तुलनतर्फ धकेलिन्छ। यही कारणले आजको पुस्तामा निराशा, असन्तोष र राजनीतिप्रति अविश्वास बढिरहेको छ। यस अवस्थामा राजनीतिक चेतना र युवा सहभागिताको महत्त्व अझ बढेको छ ।

नेपालको राजनीति सधैं एउटा घुम्तीमा अड्किएको जस्तो देखिएको छ, की सधै गाडी चलाउने स्टेयरिङ पुरानाकै हातमा छ। युवाको आवाज नारामा गुञ्जिए पनि निर्णयको टेबलमा मौन भैरहेको छ । प्लेटोले भनेझैं, “राजनीतिमा भाग नलिने बुद्धिजीवीहरूलाई अन्ततः मूर्खहरूले शासन गर्छन्।” युवाको ऊर्जा केवल भीड सजाउने साधनको रूपमा प्रयोग गरेर, उनीहरूको विचार र चाहानालाई उपेक्षा गर्ने प्रवृत्तिले राजनीतिलाई जनताबाट टाढा मात्र बनाउँदै गएको छैन, भविष्यलाई समेत अँध्यारो बनाउँदै छ। जबसम्म यो संस्कृतिमा सुधार हुँदैन, तबसम्म हामिले देखेको नयाँ नेपालको सपना केवल कल्पनामा सीमित रहने छ ।

भ्रष्टाचार र कमिसन संस्कृतिले राजनीतिको स्वरूपलाई सत्ता-केन्द्रित र जनता-विरोधी बनाएको छ। सरकार बनाउने र भत्काउने खेलमा रमाउने नेताहरूलाई अरिस्टोटलले भनेका शब्द सम्झन अनुरोध छ“राजनीति भनेको सत्ता होइन, सार्वजनिक हितको व्यवस्थापन हो।” तर नेपालमा व्यक्तिगत लाभ र समूहगत स्वार्थ नै केन्द्रमा रह्यो। ठेक्का-कमिसन, सिफारिस र पहुँचको राजनीति, अवसरवाद र अनियमितताले सुशासन र न्याय जस्ता मुल्यहरू किनारा लागेका छन्। यस्तो अवस्थामा युवाहरूमा राजनीतिप्रति निराशा बढ्नु स्वाभाविक हो। यही कारणलेदेशमा भविष्य छैन भन्ने धारणा बोकेर, ठूलो संख्यामा युवाहरू विदेश पलायन भैरहेका छन, ।

तर दर्शनशास्त्रीहरूले भनेझैं, “मानिस राजनीतिक प्राणी (शययल उयष्तिष्पयल) हो,” त्यसैले युवाले राजनीतिबाट भागेर होइन, सुधारका लागि भित्रैबाट हस्तक्षेप गरेर मात्र यो स्खलनलाई अन्त्य गर्न सक्छन् भन्नेकुरा बुझेर आत्मसात गर्न आवस्यक छ।

तर यतिमात्रै निराशाको कथा होइन। नयाँ पुस्ता नै परिवर्तनको आशा हो भन्ने विश्वासलाई व्यवहारमा उतार्न, युवाले आफ्नै दृष्टिकोण र चाहनाअनुसार सक्रिय हुनुपर्छ। उनीहरू केवल आलोचक वा दर्शक भएर बस्ने होइन, सचेत र सूचित मतदाता भएर चुनावी संस्कृतिलाई बदल्नुपर्ने आवश्यकता छ। अहिले पनि धेरैजसो मत पार्टीको निष्ठा, जातीय भावना वा क्षणिक लोकप्रियतामा आधारित देखिएको छ। तर यदि युवाले उम्मेदवारको कार्यशैली, अघिल्लो कामको परिणाम र भविष्यप्रतिको योजनालाई आधार बनाएर भोट दिन थाले भने राजनीतिक नेतृत्व छनोट गर्ने तरिका नै रूपान्तरण हुनेछ ।

सामाजिक सञ्जाल र डिजिटल प्रविधि आजका युवाका बलिया उपकरण हुन्। सूचना छिटो फैलिन्छ, तर गलत प्रचार र भ्रामक समाचार पनि त्यत्तिकै सजिलै फैलिन्छ। युवाले यसलाई चिर्ने, तथ्यमा आधारित बहस गर्ने र अरूलाई सचेत बनाउने जिम्मेवारी लिनुपर्छ। केवल आलोचना होइन, पारदर्शिता र तथ्यलाई आधार बनाएर युवाहरुले राजनीतिक चेतना फैलाउन सक्छन्।


आजको पुस्ता शिक्षित, प्रविधिमा निपुण र विश्वसन्दर्भ बुझ्ने स्तरमा पुगेको छ। उनीहरू केवल भाषण होइन, ठोस कार्यान्वयन देख्न चाहन्छन्; वाचा होइन, परिणाममा विश्वास गर्छन्। सचेत मतदाता बन्ने भनेको केवल चुनावमा भोट हाल्ने क्षणसम्म सीमित हुने भन्ने होईन, यो त सम्पूर्ण राजनीतिक प्रक्रियामा निरन्तर निगरानी र मूल्याङ्कन गर्ने अभ्यासमा परिणत गर्नुपर्ने हुन्छ। त्यसपछी युवाको सहभागिताले राजनीति केवल पुराना नेताको सम्पत्ति नभएर, नयाँ पुस्ताको भविष्य निर्माण गर्ने साधन बन्न सक्छ।

दोस्रो मार्ग भनेको दलभित्र प्रवेश गरेर सुधार गर्नु हो। धेरै युवाहरू दललाई आलोचना गर्छन् तर प्रवेश गर्न हिचकिचाउँछन्। वास्तविक सुधार भने बाहिरबाट चिच्याएर होइन, भित्रबाट दबाब सिर्जना गरेर मात्र सम्भव हुन्छ। प्लेटोले भनेझैं, “राजनीतिको उद्देश्य न्यायलाई व्यवहारमा उतार्नु हो।” फिनल्याण्डकी प्रधानमन्त्री सना मरिनले ३४ वर्षमै नेतृत्व ग्रहण गरेर आफ्नो दलभित्रै मार्ग प्रशस्त गरे जस्तैयुरोप र एसियाका देशहरूले पनि देखाएका छन्, अव नेपालमा पनि युवाहरु पार्टीमा संगठित भै सदस्यता लिएर, स्थानीय तहदेखि सक्रिय भएर नेतृत्वको पुस्तान्तरण गर्न लाग्नु पर्छ । युवा केवल उत्साही मात्र भएर पुग्दैन, रणनीति र कार्ययोजनासँगै अघि बढ्नु आवश्यक छ। पार्टीका महाधिवेशनमा खुला प्रतिस्पर्धा, निर्णय प्रक्रियामा पारदर्शिता र उम्मेदवार छनोटमा युवा सहभागिता सुनिश्चित गर्न सकृयता साथ लाग्नु पर्छ ।

यस सन्दर्भमा महात्मा गान्धि भनेका थिए“संसारमा देख्न चाहेको परिवर्तन आफैं बन्नुपर्छ।”

प्रविधि र पारदर्शिता युवा नेतृत्वका बलिया हतियार हुन। कम्प्युटर, मोबाइल र डिजिटल प्लेटफर्ममार्फत सरकारी खर्च ट्र्याक गर्न, बजेट निगरानी गर्न, नीति कार्यान्वयनमा सरोकारवालाको सहभागिता सुनिश्चित गर्न सकिन्छ। यसले केवल भ्रष्टाचार उजागर गर्ने होइन, पुराना नेताहरूलाई जवाफदेही पनि बनाउँछ।

युवाले केवल आलोचना मात्र होइन, व्यावहारिक समाधान प्रस्तुत गर्न सक्नुपर्छ । शिक्षा सुधार, रोजगारी सिर्जना, कृषि र पर्यटनमा स्पष्ट योजना र नयाँ दृष्टिकोण आवश्यक छ। फिनल्याण्ड, सिंगापुर र दक्षिण कोरियाका उदाहरणहरूले देखाउँछन् कि प्रविधि र नवाचारमा जोड दिने नीतिले मात्र दीर्घकालीन सुधार ल्याउँछ। नेपालमा पनि युवा नेतृत्वले कृषि उद्योगलाई आधुनिक प्रविधिसँग जोड्ने, स्टार्टअपमार्फत रोजगारी सिर्जना गर्ने र सांस्कृतिक पर्यटनमार्फत स्थानीय विकास सम्भव बनाउँछ।




> “नेपालको राजनीति युवाको योगदान बिना अधुरो छ। सचेत मतदाता, दलभित्र सुधारकर्ता र वैकल्पिक नेतृत्वकर्ताले भ्रष्टाचार र अस्थिरतालाई चुनौती दिएर साहस, अनुशासन र दीर्घ दृष्टिकोणसहित नयाँ राजनीतिक युगको मार्ग प्रशस्त गर्न सक्छन्।“

युवाको एकता अत्यन्त महत्वपूर्ण छ। जातीय, क्षेत्रीय वा पार्टीगत भेदभावको सट्टा शिक्षा, रोजगारी, सुशासन र वातावरण संरक्षणजस्ता साझा मुद्दामा सबै युवा एकजुट हुनुपर्छ। २०११ को अरब वसन्त आन्दोलनमा मिस्र र टुनिशियामा युवाको साझा एकता र डिजिटल संगठनले पुराना संरचनालाई चुनौती दिएको उदाहरणले पनि यही कुरा प्रमाणित गर्छ। तर चुनौती पनि धेरै छन। विदेश पलायन, रोजगारी अभाव, भौगोलिक र वैचारिक विभाजनले युवाको सक्रियतामा बाधा पुर्यालउँछ। दक्षिण कोरियामा १९८०-९० को दशकमा युवाले सामना गरेका चुनौतीहरू आजको नेपालसँग तुलना गर्न सकिन्छ। तर, नेपालमै सम्भावना रहेको विश्वास र साझा दृष्टिकोणले मात्रमानसिकता परिवर्तन गरेर यी बाधा पार गर्न सकिन्छ।

नेपालको राजनीति अहिले संकटमा छ। पुरानो पुस्ताले नेतृत्व छाड्न तयार छैन, भ्रष्टाचारले जरा गाडेको छ, र जनताको दलहरु प्रति विश्वास हराउँदैछ। तर पनि परिवर्तन असम्भव छैन। प्रत्येक पुस्ताले आफ्नो समयमा अवसर पाएको जस्तै, आजको अवसर नयाँ पुस्ताको हातमा छ। युवा सचेत मतदाता, आन्तरिक सुधारकर्ता र वैकल्पिक नेतृत्वकर्ता बन्न सके, तिनीहरूले केवल आलोचक मात्र नभै वास्तविक सुधार ल्याउन सक्छन्।

नेपालमा हरेक आन्दोलनमा युवाहरू अग्रपंक्तिमा थिए, र आज पनि उनीहरू अग्रभागमा छन्। तर प्रश्न यही छ–के उनीहरू केवल सडकमा नाराबाजी गर्ने, वा सत्ताको संरचनाभित्र प्रवेश गरेर वास्तविक परिवर्तन ल्याउने? जर्मनीका उदाहरणमा एन्जेला मर्केलले देखाएझैं, संरचनाभित्र सक्रिय भएर दीर्घकालीन सुधार मात्र सम्भव छ?

यदि नयाँ पुस्ताले साहस, अनुशासन, दीर्घ दृष्टिकोण र साझा जिम्मेवारी देखाउँछन् भने, नेपालको राजनीति निश्चित रूपमा बदल्न सकिन्छ। युवाले देखाएको ऊर्जा, नवीनता र समर्पणले पुरानो संरचनालाई चुनौती दिन सक्छ र नयाँ नेतृत्वलाई जन्म दिन सक्छ। यसरी, नेपाली युवाले राष्ट्रिय नेतृत्वका साथसाथै अन्तर्राष्ट्रिय सन्दर्भमा पनि प्रभावकारी उदाहरण प्रस्तुत गर्न सक्छ।

नेतृत्वको यो पुस्तान्तरण केवल आवश्यकता मात्र होइन, जिम्मेवारी पनि हो। हामी सबै अग्रज नेताहरूको योगदानको सम्मान गर्छौं–राणा शासनविरुद्धको संघर्षदेखि गणतन्त्रको स्थापनासम्म, उहाँहरूको अनुभव र बलिदानले नेपाललाई यहाँसम्म ल्याएको हो। तर अब जिम्मेवारी नयाँ पुस्ताको काँधमा आएको छ। यो युवा पुस्ताले इतिहास र वर्तमानबाट सिकेर, साहस, अनुशासन र दीर्घ दृष्टिकोणसहित अघि बढे, निश्चय नै नेपालको राजनीति नयाँ युगमा प्रवेश गर्नेछ।

# मानव अधिकारको पूर्ण उपभोग विना शान्ति र न्याय सम्भव छैन



रंजन भगत

विश्वको प्रत्येक मानवले मानव अधिकारको उपभोग विनाशर्त गर्न नपाएसम्म शान्ति र न्याय सम्भव छैन। स्वयंसिद्ध र स्वतः प्रमाणित अधिकार नै मानव अधिकार हुन्। यसलाई अर्को शब्दमा प्राकृतिक अधिकार पनि भनिन्छ। कानुनको प्राकृतिक सिद्धान्त अनुसार यस्ता अधिकार मानिसले हरेक समय र हरेक ठाउँमा पाउनुपर्छ भन्ने मान्यता छ।

विश्वकी प्रख्यात महिला तथा मानव अधिकारको विश्वव्यापी घोषणापत्र (ग्मज्च) को ड्राफ्टिङ कमिटीकी अध्यक्ष इलिनोर रोजभेल्टका अनुसार, अधिकार कसैले अरूलाई दिने कुरा होइन, यो त्यस्तो कुरा हो जसलाई अरूले छिनेर लैजान सक्दैन। यस परिभाषाले स्पष्ट पारेको छ कि कुनै पनि अवस्था वा बहानामा कसैको जन्मसिद्ध अधिकार खोस्न पाइँदैन। मानव अधिकार स्वयत सिद्ध अधिकार हो, यसको अस्तित्व कुनै निकायको मान्यता पाएपछि मात्र सुरु हुने कुरा होइन। तर यसको प्रभावकारिता विश्वव्यापी बनाउनका लागि सन् १९४८ मा संयुक्त राष्ट्रसंघद्वारा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको थियो।

उक्त घोषणापत्रले मानव अधिकारको आधारभूत सूची मात्र प्रस्तुत गरेको छैन, यसले ती अधिकारको संरक्षणको दायित्व राज्य र अन्तर्राष्ट्रिय समुदायलाई समेत दिएको छ। यसलाई नै टेकेर विभिन्न देशहरूले आफ्नो आर्थिक, राजनीतिक र सामाजिक पृष्ठभूमिअनुसार अधिकारको मान्यता दिएका छन्।

मानवको जन्मसिद्ध अधिकारको उपभोगमा ‘ कानुनको आदेशात्मक सिद्धान्त’ विकास भएदेखि कानुनको शासन र कानुन निर्माण प्रक्रियामा निरंकुशता आएको छ। आदेशात्मक सिद्धान्तको दार्शनिक आधार तयार पार्ने कानुनविद् जोन अस्टिनका अनुसार, कानुन भन्नाले सार्वभौमको आदेश हो, र त्यस्तो आदेश जनताले पालना गर्न बाध्य हुन्छन्। यदि कुनै व्यक्तिले आदेशको अवज्ञा गर्‍यो भने उसलाई दण्ड दिनुपर्छ। अस्टिनका अनुसार, कानुन ठीक होस् वा बेठिक, सहर्ष पालन गर्नुपर्छ। यही मतका आधारमा, कुनै व्यक्तिले आफ्नो देशको संविधानले दिएको भन्दा बढी अधिकार उपभोग गर्न सक्दैन यही आदेशात्मक सिद्धान्तको विडम्बना हो।

यस कारण विश्वव्यापी रूपमा स्वीकृत ग्मज्च १९४८ प्रभावकारी ढङ्गले कार्यान्वयन हुन सकेको छैन। घोषणापत्र स्वीकार गर्ने राष्ट्रका नागरिकको अधिकार हनन भएको खण्डमा वा कानुनी उपचार नपाएमा संयुक्त राष्ट्रसंघको मानव अधिकार समितिमा उजुरी दिने अधिकार भए पनि यो व्यवस्था व्यवहारमा प्रभावकारी देखिएको छैन।

त्यस्तै, असंगत राजनीतिक विचारधाराहरूले पनि विश्वभरि मानव अधिकारको दायरा साँघुरो बनाएका छन्। दोस्रो विश्वयुद्धपछि संयुक्त राज्य अमेरिका र सोभियत रूस–दुई फरक विचारधाराका नेतृत्वमा उभिएका थिए। अमेरिकामा स्वतन्त्रता र मानव अधिकारको अर्थ सोभियत रूस र हालको विश्व शक्ति रूपमा उभ्रिएको चीनमा स्वीकार्य छैन, भने सोभियत रूस र चिनमा प्रयोग हुने अर्थ अमेरिका र युरोपियन मुलुक हरुलाई स्वीकार्य छैन। यसले तेस्रो विश्वका राष्ट्रहरूलाई यीमध्ये कुनै एक धाराबाट प्रभावित हुन बाध्य बनाएको छ। जब मानिसको विचारधारा नै अलग र असंगत हुन सक्छ, भने त्यसको परिभाषा गर्ने तरिका पनि फरक हुन्छ। परिभाषा यस्तो कुरा हो जसले गलतलाई ठिक र ठिकलाई गलत देखाउन सक्छ। यही कारण मानव अधिकारको एउटै परिभाषा विश्वव्यापी रूपमा मान्यता पाएको छैन।

विभिन्न देशका कानुनहरूले आफ्ना मूल्य र मान्यताअनुसार अधिकारको व्याख्या गरेका छन्, जसको प्रतिकूल प्रभाव मानव अधिकारको वास्तविक उपभोगमा परेको छ। अन्तर्राष्ट्रिय स्तरमा कानुन र न्यायको मापदण्ड तय गर्न सकिने भए पनि, सार्वभौमिकताको आधारमा राज्यहरूले आफ्नो संविधान र कानुन बनाउन स्वतन्त्रता पाएका छन्। मोन्टेस्क्युका अनुसार हरेक देशको कानुन त्यहाँको सामाजिक, आर्थिक, राजनीतिक अवस्था र भौगोलिक परिस्थितिअनुसार सुहाउँदो हुनुपर्छ। यस दृष्टिकोणले राष्ट्रहरूलाई अन्तर्राष्ट्रिय मापदण्डबाट स्वतन्त्र रहन अवसर दिएको छ, र यसै कारण विश्वका प्रत्येक मानव समान प्रकारले न्याय र समानता पाउनबाट वञ्चित भइरहेका छन्।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ लाई हरेक राष्ट्रले आफ्नो संविधानमा समावेश गर्नुपर्ने नैतिक वा कानुनी दायित्व भए पनि, कानुनी दृष्टिले हेर्दा यदि कुनै देशले संवैधानिक रूपमा मानव अधिकार सुनिश्चित गरेको छैन भने के त्यस देशका नागरिकको मानव अधिकार नै हुँदैन? सम्भवत, यी प्रश्नहरू आदेशात्मक र प्राकृतिक कानुनका सिद्धान्तको विवादमै छन्।

यही यथार्थले देखाउँछ कि केवल घोषणापत्र वा कानुनी व्यवस्थाले मात्र मानव अधिकारको विश्वव्यापी कार्यान्वयन सम्भव छैन। यसका लागि संरचनागत सुधार, अन्तर्राष्ट्रिय कानुनी एकरूपता, र सार्वभौमिकताको सीमितता जस्ता ठोस कदम आवश्यक छन्। यदि यी कदमहरू समयमै नअपनाइए, मानव अधिकारको अवधारणा केवल कागजमा सीमित भएर रहनेछ। मानव अधिकारलाई विश्वव्यापी रूपमा संरक्षण र कार्यन्यावन गर्नका लागि केही सैद्धान्तिक उपायहरू अपनाउन सकिन्छ :-

१.मानव अधिकारको मामिलामा अन्तर्राष्ट्रिय नियम-कानुनको प्रभावकारी सञ्चालनका लागि राज्यहरूले आफ्नो सार्वभौम अधिकारको सम्मान गर्दै केही हदसम्म सहकार्य गर्नुपर्छ। यसका लागि मानव अधिकारको संरक्षण सुनिश्चित गर्ने शक्तिशाली अन्तर्राष्ट्रिय संगठनको स्थापना गरी विश्वव्यापी एकरूपता ल्याउन सकिन्छ।

२. विश्वका प्रत्येक देशले मानव अधिकारको घोषणा अनुबन्ध उपलेख लगायत अन्य त्यस्तै लिखतहरू विनाशर्त स्वीकार र पालन गर्नुपर्छ र सोही अनुरुप अनिवार्य रूपले राष्ट्रिय संविधानमा त्यसको व्यवस्था समेत गर्नुपर्छ।


३.कानुन परिभाषाको सम्प्रदायहरूको बीचमा जुन विवाद छ त्यसलाई कुनै एक बिन्दुमा ल्याएर सुल्झाउने विधिशास्त्र निर्माण गर्नुपर्ने जिम्मेवारी वर्तमान विश्वभरिका कानुनविद्हरूको हुन आउँछ।

४. विश्वका विविध कानुन प्रणालीमा सिद्धान्तत समानता आउनुपर्छ कानुन र न्याय र आर्थिक हिसाबले विश्वमा एकरुपता ल्याउनुपर्छ।

५. राष्ट्रिय र अन्तर्राष्ट्रिय न्यायालयको निर्णय, प्रक्रिया, र कार्यान्वयन प्रणालीलाई सुदृढ गर्नुपर्छ।

६.कम्तीमा एशिया-प्रशान्त र अफ्रिका क्षेत्रका लागि क्षेत्रीय मानव अधिकार सम्झौता गर्नुपर्छ।

यसरी हेर्दा, मानव अधिकार केवल कानुनी विषय मात्र होइन, यो मानवीय अस्तित्वको मूल आधार हो। जबसम्म विश्वका प्रत्येक मानवले यसलाई पूर्ण र विनाशर्त उपभोग गर्न पाउँदैनन् तब सम्म शान्ति र न्याय केवल कल्पनामा सीमित रहनेछ।



# मन्त्री दाहाल र राजदूत श्रीवास्तवद्वारा हेवा खोला बेलिब्रिज उद्घाटन



पाँचथर । मेची राजमार्गअन्तर्गत पाँचथरको हेवा खोलामा निर्माण सम्पन्न भएको 'मोडुलर बेलिब्रिज'को बुधबार भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल र नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले उद्घाटन गर्नुभएको छ ।

गत वर्षको असोज १२ गते आएको बाढीले 'बेलिब्रिज' बगाएपछि निर्माण गरिएको ७० मिटर लामो 'बेलिब्रिज'को बुधबार मन्त्री दाहाल र राजदूत श्रीवास्तवले संयुक्त रुपमा उद्घाटन गर्नुभएको हो ।

उक्त बेलिब्रिजका सामग्री भारत सरकारले उपलब्ध गराएको र संरचना निर्माण तथा जडानको काम नेपाल सरकारले गरेको सडक विभागले जनाएको छ । बेलिब्रिज निर्माणपछि सहज रुपमा राजमार्ग खुला हुनुका साथै ताप्लेजुङ जिल्ला र पाँचथरको उत्तरी भेगका तीन वटा गाउँपालिकाको आवागमन सहज भएको छ । उक्त बेलिब्रिजको भार बहन क्षमता २५ टन रहेको छ ।

मेची राजमार्गअन्तर्गत हेवा खोलामा रहेको सडक पुल यसअघि २०८० असार २ गते आएको बाढीले बगाएको र सोही स्थानमा थियो । करिब एक महिना लगाएर निर्माण गरेको नयाँ बेलिब्रिज पनि ०८१ असोज १२ गते आएको बाढीले बगाएको थियो ।

हेवा खोलामा 'डाइभर्सन'का माध्यमबाट सवारीसाधन आवतजावत गर्दै आएकामा वर्षायाम सुरु भएपछिको बाढीले पटकपटक उक्त डाइभर्सन बगाउँदा यात्रु एवं स्थानीय जनताले दुःख व्यहोरिरहेका थिए । गत चैतदेखि बेलिब्रिज निर्माण कार्य थालिएको थियो । 'दोभान-सुपरसौगात-लाइट विल्डर्स जेभी'ले जडानको कार्य अन्तिम चरणमा पुऱ्याएको समयमा गत जेठ ३१ गते अचानक बेलिब्रिज भाँचिएर झर्दा तीन जना कामदारको ज्यान गएको थियो ।

यसपछि सडक विभागले बेलिब्रिजका संरचना निर्माण गर्ने भारतीय कम्पनी 'गार्डेन रिचसिप विल्डर्स एण्ड इञ्जिनियरिङ'लाई भाँचिएका सामग्री तथा प्राविधिक पठाइदिन आग्रह गरेको थियो । भारतबाट आएका प्राविधिक र मिस्त्रीहरुले गत साउन १७ गते बेलिब्रिज जडानको काम थालेर साउन २८ गते सम्पन्न गरेका थिए ।

बेलिब्रिजका लागि आवश्यक पहुँचमार्गसहितका संरचना निर्माण भएपछि आज उद्घाटन गरी सञ्चालनमा ल्याइएको सडक डिभिजन कार्यालय इलामका प्रमुख पवन भट्टराईले जानकारी दिनुभयो । प्रमुख भट्टराईका अनुसार भारतीय पक्षले सामग्रीका अतिरिक्त पठाएको 'लञ्चिङ सेट' र पुल जडान गर्ने इञ्जिनियर तथा प्राविधिकहरु रहेको १८ जनाको टोलीले छोटो समयमै बेलिब्रिज जडान गर्न सफल भएको हो । बेलिब्रिजका सबै सामग्री भारत सरकारले निःशुल्क उपलब्ध गराएको थियो ।रासस

# द्रूतमार्गको मुख्य चुनौती 'सुरू विन्दु निर्धारण र जग्गा प्राप्ति'

काठमाण्डु । रक्षा मन्त्रालयले नेपाली सेनाको व्यवस्थापनामा अघि बढिरहेको मुलुकका सार्वाधिक महत्त्वको राष्ट्रिय गौरवको आयोजना काठमाडौं तराई/मधेश द्रुतमार्ग (फास्ट ट्र्याक' को 'सुरू विन्दु निर्धारण र जग्गा प्राप्ति' प्रमुख समस्याका रूपमा रहेको निर्क्योल गरेको छ । मन्त्रालयको आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बुधबारको बैठकमा खोकना इलाकामा जग्गा अधिग्रहणसम्बन्धी समस्याले द्रूतमार्गको सुरू विन्दु निर्धारण र सवारी अवागमन व्यवस्थापन सम्बन्धमा निर्णय गर्न बाँकी नै रहेको जानकारी दिइयो ।

मन्त्रालयको प्रगति समीक्षा प्रतिवेदनमा भनिएको छ, "द्रूत मार्गको प्रस्थान विन्दुदेखि ६.५ किमीसम्म पर्ने प्याकेज नं ११ मा जग्गा अधिग्रहणसम्बन्धी समस्या रहेको तथा प्रस्थान विन्दु र सवारी अवागमन सम्बन्धमा निर्णय नहुँदा उक्त खण्डको प्रक्रिया अगाडि बढाउन नसकिएको अवस्था छ ।" उक्त आयोजनाको त्यस आर्थिक वर्षमा ६७.५ मात्र भौतिकतर्फ वार्षिक लक्ष्य प्राप्ति भएको थियो ।

त्यससम्बन्धी निर्णय गर्न बाँकी रहेकाले उक्त खण्डको खरिद तथा निर्माणकार्य प्रभावित भइरहेको मन्त्रालयको भनाइ छ । यद्यपि द्रूतमार्गको सुरू विन्दु तथा सवारी आवागमन व्यवस्थापन सम्बन्धमा विस्तृत सम्भाव्यवता अध्ययन भई प्रतिवेदन भने पेस भइसकेको छ । सुरू विन्दु र सवारी आवागमन व्यवस्थापनका विषयमा यथाशीघ्र निर्णय हुनुपर्ने मन्त्रालयको धारणा छ ।

गतवर्ष अत्याधिक वर्षाकारण केही स्थानमा भौगोलिक परिवर्तन भएकाले नयाँ अध्ययन र 'डिजाइन' गर्नुपर्ने भएको तथा निर्माण व्यवसायीबाट प्रयाप्त दक्ष जनशक्ति नखटाएका कारण लक्ष्य बमोजिम वित्तीय तथा भौगोलिक प्रगति हासिल हुन नसकेको मन्त्रालयले स्पष्ट गरेको छ ।

सो अवसरमा रक्षामन्त्री मानवीर राईले हालसम्म आयोजनाको भौतिक प्रगति विश्लेषण गर्दा द्रूतमार्गको निर्माण कार्यलाई लक्षित समयभित्र पूरा गर्न थप मेहनत गर्नुपर्ने आवश्यकता देखिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "आर्थिक वर्ष २०८१/८२ मा आयोजनाको प्रगति अघिल्लो वर्षको लक्ष्यको तुलनामा ६७ प्रतिशत मात्र छ । यसप्रति सम्बन्धित आयोजना प्रमुख, कार्यक्रम सञ्चालन गर्ने निकायका प्रमुख तथा अन्य समन्वयकारी निकायको विशेष ध्यानाकर्षण गर्न चाहन्छु ।"



मन्त्री राईले आयोजना ढिलाइ हुँदा लागत बढ्ने मात्र नभइ वर्तमान पुस्ता सोको प्रतिफल उपभोग गर्नबाट वञ्चित रहने भएकाल सबैको साझा प्रयास र पहल आवश्यक रहेको बताउनुभयो ।

ललितपुरको खोकना क्षेत्र प्रस्थान विन्दु भई बाराको निजगढ अन्तिम बिन्दु कायम रहेको ७०.९७७ किमी दूरीको उक्त आयोजनाको हालसम्मको समष्टि प्रगति ४२.१३ तथा वित्तीय प्रगमि ४४ प्रतिशत रहेको छ । हाल प्रतिदिन करिब दुई हजार ८२ जनालाई रोजगारी दिइरहेको करिब रु दुई खर्ब ११ अर्ब ९३ करोड लागतको उक्त आयोजना विसं २०८३ चैत मसान्तसम्ममा पूरा गर्ने लक्ष्य निर्धारण गरिएको छ ।

> ललितपुरको खोकना क्षेत्र प्रस्थान विन्दु भई बाराको निजगढ अन्तिम बिन्दु कायम रहेको ७०.९७७ किमी दूरीको उक्त आयोजनाको हालसम्मको समष्टि प्रगति ४२.१३ तथा वित्तीय प्रगमि ४४ प्रतिशत रहेको छ । हाल प्रतिदिन करिब दुई हजार ८२ जनालाई रोजगारी दिइरहेको करिब रु दुई खर्ब ११ अर्ब ९३ करोड लागतको उक्त आयोजना विसं २०८३ चैत मसान्तसम्ममा पूरा गर्ने लक्ष्य निर्धारण गरिएको छ ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीले राष्ट्रिय गौरव र प्राथमिकता प्राप्त आयोजना छनोट र निर्धारणमा बढी सचेतना अपनाउनुपर्ने तथा लक्ष्य अनुरूप आयोजना पूरा हुन नसक्नुका कारण र समन्वयकासाथ अघि बढाउन चाल्नुपर्ने कदमबारे निर्मम समीक्षा जरुरी भएको बताउनुभयो ।

प्रधानसेनापति अशोकराज सिग्देलले आयोजना र कार्यक्रमलाई अघि बढाउने क्रममा देखिएका ढिलासुस्ती तथा कमी कमजोरीलाई हटाउँदै लैजान आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो । मन्त्रालयका सचिव रामेश्वर दङ्गालले लक्ष्य निर्धारण गरिएअनुसार भौतिक प्रगति र पुँजीगत खर्च नभएको पाटोलाई गम्भीर समीक्षा गर्दै आगामी दिनमा त्यसलाई दोहरिन नदिने वाचासहितको कार्ययोजना र अनुगमनलाई चुस्त तुल्याउन जरुरी देखिएको बताउनुभयो ।

राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार विकास निर्माण समितिका अध्यक्ष बालानन्द शर्माले विश्वविद्यालयका लागि कानुन, भौतिक पूर्वाधार तथा पाठ्यक्रम निर्माणका काम द्रूतरूपमा अघि बढिरहेको जनाउँदै विश्वविद्यालयका लागि आवश्यक ६ किलोमिटर पहुँच मार्ग निर्माणका लागि आग्रह गर्नुभयो ।

बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका प्रतिनिधिले हुम्ला, सुनकोशी र महाकालीमा तत्कालै बेलिब्रिज जडान गरी आवागमन सहज तुल्याउन सेनाले गरेको कार्य प्रशंसानीय रहेको जनाउँदै सबै मुलुकवासीले आशा गरेको द्रूतमार्ग निर्माणलाई छिटो सम्पन्न गर्न सुझाव दिनुभयो ।

समीक्षामा मन्त्रालय र निकायबाट सम्पादित मुख्य कार्य, बजेट र खर्चको विवरण, राष्ट्रिय गौरव र प्राथमिकता प्राप्त कार्यक्रम कार्यान्वयनको स्थिति, गैर-सैनिक व्यक्तिको रोजगारीको विवरण, सेनाबाट सञ्चालित कार्यक्रम, शान्ति सेनामा नेपाली सेनाको सहभागिता तथा बेरुजु फछ्र्यौटलगायत विषयमा प्रस्तुतिसहित गहन छलफल भयो ।

उक्त आर्थिक वर्षमा मन्त्रालय र मातहतका निकायका लागि विनियोजित कूल बजेटको ९५.९४ प्रतिशत खर्च भएको तथ्याङ्क रहेको छ । यसमध्ये चालुतर्फ ९९.८ प्रतिशत र पुँजीगततर्फ ५९.७१ प्रतिशत प्रगति भएको छ। यसअघि बैठकमा मन्त्री राईसँग सचिव दङ्गाल तथा सचिव दङ्गालसँग प्रधानसेनापति सिग्देलले वार्षिक कार्यसम्पादन सम्झौता गर्नुभएको थियो ।रासस

# विधेयक सर्वसम्मत पारित

विराटनगर । कोशी प्रदेशसभाको बुधबारको बैठकमा 'कोशी प्रदेश प्रदेश वन ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक' सर्वसम्मतले पारित भएको छ ।

कोशी प्रदेश सरकार पर्यटन, वन तथा वातावरणमन्त्री सदानन्द मण्डलले विधेयक पारित गरियोस् भनी गर्नुभएको प्रस्तावमा सभामुख अम्बरबहादुर विष्टले निर्णयार्थ प्रस्तुत गर्दा सर्वसम्मतले पारित भएको हो ।'कोशी प्रदेश तथ्याङ्क सम्बन्ध कार्यलाई व्यवस्थित गर्न बनेको विधेयक' माथिको सैद्धान्तिक छलफल समाप्त भएको छ। विधेयकको सैद्धान्तिक छलफलमा कोशी प्रदेशसभा सदस्य इन्द्रमणि पराजुली, किशोरचन्द्र दुलाल, रमेशकुमार बस्नेत र कमला दर्नालले विधेयकको समर्थन गर्नुभएको थियो ।

विधेयक उपर भएको छलफलमा उठेका विषयमा जवाफ दिँदै आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरको तर्फबाट आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले छरिएर रहेका तथ्याङ्कलाई एकीकृत एवं व्यवस्थित बनाउन विधेयक कोसे ढुङ्गा सावित हुने भन्नुभएको छ । उहाँले सत्य र तथ्यमा आधारित तथ्याङ्कबाट नै सरकारले बनाउने योजना, वितरण गर्ने सेवा र सुशासन व्यवस्थापन गर्न मद्दत पुग्ने विचार व्यक्त गर्नुभयो ।

**विशेष समय**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) कोशी प्रदेशसभा संसदीय दलका तर्फबाट दुर्गाप्रसाद चापागाईंले जनताले देख्ने र सुन्ने गरी काम गर्न सरकारलाई सचेत गराउनुभयो ।उहाँले पर्यटन वर्ष र लगानी सम्मेलनपछि भएको उपलब्धि सार्वजनिक गर्न माग गर्दै सरकार जनताका आवश्यकता र चाहनामा तल्लिन हुनुपर्ने कुरामा जोड दिनुभयो ।

**शून्य समय**

शून्य समयमा कोशी प्रदेशसभा सदस्य गणेशप्रसाद उप्रती र गोम्बु शेर्पाले आआफ्नो धारणा राख्नुभएको थियो । उद्योग, पर्यटन तथा वातावरण समितिको प्रतिवेदनको सैद्धान्तिक छलफलमा कुनै सांसदहरूले आफ्ना धारणा राख्नुभएन । अर्को बैठक विहिबार दिउँसो १ बजे बस्नेछ ।रासस

# बिमा प्राधिकरणका अध्यक्ष पदमुक्त

काठमाण्डु । सरकारले शरद ओझालाई नेपाल बिमा प्राधिकरणका सञ्चालक समितिको अध्यक्षबाट पदमुक्त गर्ने निर्णय गरेको छ । मन्त्रिपरिषद्को भदौ २ गते बसेको बैठकले उक्त निर्णय गरेको हो ।

मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न बुधबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले छानबिन समितिको सिफारिसका आधारमा प्राधिकरणका अध्यक्षले खराब आचरण प्रदर्शन गरेको, कार्यक्षमताको अभाव रहेको र पदीय जिम्मेवारी पालना नगरेको देखिएकाले निजलाई सरकारले पदमुक्त गर्ने निर्णय गरेको जानकारी दिनुभयो ।



त्यस्तै, सरकारले आगामी भदौ ३० देखि ३१ गतेसम्म थाइल्याण्डको बैंककमा आयोजना हुने 'रिजिलियन्ट सप्लाइ चेइन्स, एन्ड इक्युटेवल ग्रोथ इन अ चेन्जिङ वर्ल्ड अफ वर्क' कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा प्रकाशकुमार श्रेष्ठलाई सहभागी हुन स्वीकृति दिएको छ ।

आगामी असोज ७ देखि ९ गतेसम्म इण्डोनेसियामा आयोजना हुने 'एन्टी क्ररप्सन इनिसिएटीभ फर एसिया एन्ड द पेसिफीक-२०२५' विषयक कार्यक्रममा अख्तियार दुरूपयोग अनुसन्धान आयोगका सचिव नारायणप्रसाद शर्मा दुवाडीलाई सहभागी हुन स्वीकृति दिइएको छ ।

सरकारले आगामी कात्तिक १० देखि १४ गतेसम्म अरब गणतन्त्र इजिप्टको शार्म अल शेखमा हुने सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तरराष्ट्रिय सङ्गठनको २५ औं अन्तरराष्ट्रिय महाधिवेशनमा सहभागिता जनाउन महालेखापरीक्षक तोयम राया नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिएको छ। सरकारले कोटेश्वर इन्टरसेक्सन सुधार आयोजना कार्यान्वयनका लागि जापान सरकारबाट प्राप्त हुने जापानी येन चौतिस अर्ब ४९ करोड (करिब तीस अर्ब आठ करोड रूपैयाँ) सहुलियतपूर्ण ऋण सहायता प्राप्त गर्ने निर्णय गरेको छ ।

त्यस्तै अन्तरराष्ट्रिय मुद्रा कोषको सदस्य राष्ट्रहरूका फन्ड कोटामा ५० प्रतिशतले वृद्धि गरिने प्रस्तावको पक्षमा सहमति प्रदान गर्ने र कोटा वृद्धि गर्दा थप हुने करिब ७८.४५ मिलियन एसडिआरमध्ये सोको २५ प्रतिशत चालु आर्थिक वर्षको विनियोजित बजेटबाट र बाँकी ७५ प्रतिशत नेपाल राष्ट्र बैंकको नाममा प्रमिसरी नोट (अर्थपत्र) जारी गरी भुक्तानी गर्न सरकारले स्वीकृति दिएको छ ।

सरकारले लिज फाइनान्ससम्बन्धी विधेयक तर्जुमाको सिद्धान्त स्वीकृत गर्ने र समृद्धिका लागि वन परियोजनाको अनुदान तथा ऋण सम्झौताको संशोधन स्वीकृत गर्ने निर्णय गरेको छ ।

सरकारले मानव अधिकार पुरस्कार कोष सञ्चालन (पहिलो संशोधन) नियमावली, २०८२ स्वीकृत गरेको छ । मन्त्रिपरिषद्ले प्रशासकीय अदालतको अध्यक्षमा डा टेकबहादुर घिमिरे (स८ुवासभा) तथा सदस्यहरूमा अधिवक्ता नवलकिशोर यादव (पर्सा) र आलोक चन्द्र श्रेष्ठ (बागलुङ) लाई नियुक्त गरेको छ ।

यही भदौ २३ देखि २७ गतेसम्म युगाण्डाको कम्पालामा आयोजना हुने 'एसियन-अफ्रिकन लिगल कन्सल्टेटिभ अर्गनाइजेशन (एएएलसिओ)' को ६३औं 'एनुल सेसन' मा सहभागिताका लागि कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौर सियालाई स्वीकृति दिइएको छ ।

मन्त्रिपरिषद् बैठकले खानेपानी मन्त्रालयअन्तर्गत खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोग र खानेपानी तथा ढल व्यवस्थापन विभागअन्तर्गत सञ्चालन हुने विभिन्न आयोजनाको लागि अधिकृतस्तरका जम्मा ७६ अस्थायी दरबन्दी स्वीकृत गरेको छ ।

'कमिटी अन द इलिमिनेशन अफ डिस्क्रीमिनेशन अगेस्ट वुमन (सिड) का सदस्य बन्दना राणालाई कूटनीतिक राहदानी जारी गर्ने सरकारको निर्णय रहेको मन्त्री गुरुङले जानकारी दिनुभयो ।

साथै, थाइल्याण्डको बैंककमा यही भदौ १७ र १८ गते आयोजना हुने विश्व वित्तीय संरचनासम्बन्धी एसिया सहयोग संवादको उच्चस्तरीय सम्मेलन र २० औं परराष्ट्र मन्त्रिस्तरीय बैठकमा भाग लिन परराष्ट्र मन्त्री डा आरजु राणा देउवालाई स्वीकृति दिइएको छ । रासस


**Government of Madhesh Province**
**Ministry of Energy,Irrigation & Water Supply**
**Water Supply and Sanitation Division Office**
**Division No.1 Saptari, Rajbiraj**

**Invitation for Electronic Sealed Quotations Bids**

**Second Date of publication: 2082/05/05 (21th Aug. 2025)**

1. Water Supply & Sanitation Division Office,Saptari,Rajbiraj invites electronic sealed quotations bids only from Nepalese eligible bidders for following work under sealed quotations Bidding procedures.Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Water Supply & Sanitation Division office,Saptari,Rajbiraj,wssdosaptarino1@gmail.com, 031530036 or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. Sealed Quotation Forms may be purchased by eligible Bidders on the submission of a written application and upon payment of a non-refundable fee of 1000.0 NRs. Or Bidder who chooses to submit their bid electronically shall deposit the cost of bidding document in the account specified below till date 2082/05/11 (27th Aug. 2025):

**Name of the Bank:-** Rastriya Banijya Bank Ltd.
**Name of the Office:-** Water Supply and Sanitation Division Office No. 1, Rajbiraj, Saptari
**Office Code no:-** 3130115012
**Office Account no:-**1000100200010000
**Rajaswa (revenue) Shirshak no:-** 14229

| Contract No. | Name of Work | Name Of Project | Bid Fee (Nrs) | Bid Security Amount (Nrs) | Estimate Cost (without VAT & PS) |
|---|---|---|---|---|---|
| 01/SQ/2082-83/ WSSDO-SAPTARI | District Saptari Rajgadh ga.pa 05 drilling & Installation of tubewell | जिल्ला सप्तरी राजगढ गा.पा-५ मा ट्यूववेल जडान कार्य | 1000.00 | 51,000.00 | 17,07,278.50 |
| 02/SQ/2082-83/ WSSDO-SAPTARI | Drilling & Installation Of Tubewell in Rupani ga.pa-02 ,saptari | जिल्ला सप्तरी रुपनी गा.पा-२ मा खानेपानी को लागि ट्यूववेल जडान कार्य | 1000.00 | 51,000.00 | 17,07,266.30 |
| 03/SQ/2082-83/ WSSDO-SAPTARI | Drilling & Installation of deep tubewell in narha wada no.05 | नरहा वडा नं.५ का विभिन्न ठाउँमा डिप बोरिङ्ग । | 1000.00 | 51,000.00 | 17,07,266.30 |
| 04/SQ/2082-83/ WSSDO-SAPTARI | Drilling & Installation of deep tubewell in Bodebarsain Na.pa | बोदे बर्साईन न.पा मा सुरक्षित खानेपानी सुविधा निर्माण | 1000.00 | 39,000.00 | 13,27,820.26 |

**Division Cheif**

# भारतको स्वच्छ ऊर्जा कोसेढुङ्गा तर कोइलामै निर्भरता



एएफपी

नयाँदिल्ली । भारतले आफ्नो स्थापित ऊर्जा क्षमताको आधा हिस्सा गैर-जीवाश्म इन्धनबाट हासिल गरेर निर्धारित लक्ष्यभन्दा वर्षौंअघि महत्त्वपूर्ण कोसेढुङ्गा पूरा गरेको छ। तर विश्वको तेस्रो सबैभन्दा ठूलो हरितगृह ग्यास उत्सर्जक भारत अझै पनि बिजुली उत्पादनका लागि कोइलामै गहिरो निर्भर छ।

"यो भारतको ऊर्जा सङ्क्रमण यात्रामा ठूलो उपलब्धि हो", नवीकरणीय ऊर्जामन्त्री प्रह्लाद जोशीले जुलाईमा तथ्याङ्क सार्वजनिक गर्दै भन्नुभयो, "यो उपलब्धि भारतले पेरिस सम्झौताअन्तर्गत लिएको सन् २०३० को लक्ष्यभन्दा पाँच वर्षअघि आएको हो। सन् २०७० सम्म शुद्ध-शून्य उत्सर्जनमा पुग्ने भारतको प्रतिबद्धताको दिशामा यो एक महत्त्वपूर्ण कदम हो।"

तर जलवायु विज्ञ अवन्तिका गोस्वामी भन्नुहुन्छ, "५० प्रतिशतको यो कोसेढुङ्गाले स्थापित क्षमतामात्र देखाउँछ, वास्तविक उत्पादन अझै पनि निकै कम छ।"कारण स्पष्ट छ - हाल करिब तीन-चौथाई बिजुली अझै पनि कोइला जलाउने पावर प्लान्टबाट नै आउँछ।

**कोइला विरोधाभास**

भारतको कोइलामाथि निर्भरता अझै पनि घटेको छैन । बरु, गत वर्षमा कोइला उत्पादन पाँच प्रतिशतले बढेको छ । कोइला मन्त्रालयले भनेको छ, "कोइला अझै पनि अपरिहार्य छ।"

यसले ऊर्जा सङ्क्रमणमा भारतका व्यावहारिक चुनौतीहरू देखाउँछ।

नवीकरणीय ऊर्जामा तीव्र वृद्धि भए पनि भण्डारण क्षमताले माग धान्न सकेको छैन।मन्त्रालयका अनुसार कोइला क्षेत्र भारतको ऊर्जा मिश्रणमा प्रमुख योगदानकर्ता बनेको छ । यसले देशको ७४ प्रतिशतभन्दा बढी बिजुली आपूर्ति गर्छ र स्टिल तथा सिमेन्ट जस्ता प्रमुख उद्योगलाई पनि चलाइराख्छ।

यो निर्भरताले भारतलाई विश्वव्यापी रूपमा चुनौतीपूर्ण स्थितिमा राख्छ। समग्रमा कार्बन उत्सर्जनका लागि यो मुलुक चीन र संयुक्त राज्य अमेरिकाभन्दा पछि छ । यही कारणले भारत अझै पनि विश्वको तेस्रो ठूलो उत्सर्जक बनेको छ । तर विश्लेषकहरूका अनुसार भारतको जनसङ्ख्या एक अर्ब ४० करोड भए पनि प्रतिव्यक्ति उत्सर्जन विश्वव्यापी औसतको एक तिहाइ मात्रै हो।

सतत सम्पदा क्लाइमेट फाउन्डेसनका कार्यकर्ता हरजित सिंहका शब्दमा, "प्रतिव्यक्ति उत्सर्जन हेर्दा भारतले अपेक्षाकृत राम्रो प्रगति गरिरहेको छ।"भारतले सन् २०३० सम्ममा उत्सर्जन ४५ प्रतिशत घटाउने लक्ष्य लिएको छ । तर विज्ञान तथा वातावरण केन्द्रका अनुसार सन् २०४७ सम्ममा बिजुलीको माग दोब्बरभन्दा बढी हुने अपेक्षा गरिएको छ।

**नवीकरणीय ऊर्जामा प्रगति**

भारतको ४८४.८ गिगावाट स्थापित क्षमतामध्ये आधा गैर-जीवाश्म इन्धन स्रोतबाट आएको छ ।यसको सबैभन्दा ठूलो हिस्सा सौर्य ऊर्जाबाट छ। यो कुल ११९ गिगावाट छ जुन विश्वमै तेस्रो ठूलो हो । भारतले मरुभूमिमा विश्वकै सबैभन्दा ठूलो सौर्य र हावा ऊर्जा फार्म निर्माण गरिरहेको छ ।यसपछि हाइड्रो, हावा र आणविक ऊर्जा छन्। तर आणविक ऊर्जाको योगदान दुई प्रतिशतभन्दा कम छ।

तर समस्या के छ भने सौर्य र हावाबाट ऊर्जाको उत्पादन मौसमअनुसार मात्र स्थिर हुन्छ। भण्डारण क्षमता भने जम्मा ५०५ मेगावाट घन्टा छ। यो अपर्याप्त छ ।मन्त्री जोशीले भन्नुभयो, "भारत हरेक वर्ष २५-३० गिगावाट नवीकरणीय क्षमता थप्दैछ । तर भण्डारण क्षमता नभएसम्म हामी या त त्यो ऊर्जा बर्बाद गर्नेछौं वा नवीकरणीय घट्दा फेरि कोइलामै फर्कनुपर्नेछ।"

**भण्डारण र चीनमाथि निर्भरता**

भण्डारणका लागि आवश्यक ब्याट्री उत्पादनमा दुर्लभ धातु चाहिन्छ। यो दुर्लभ धातुको ७० प्रतिशत आपूर्ति चीनले नियन्त्रण गरेको छ। हरजित सिंह भन्नुहुन्छ, "हामी अझै पनि चीनमाथि निर्भर छौं।"

यही कारणले चीनका विदेशमन्त्री वाङ यीले हालै नयाँदिल्ली आएर दुर्लभ धातुको आपूर्तिबारे छलफल गर्नुभएको थियो।

भारतले अर्को विकल्पका रूपमा पम्प-हाइड्रो भण्डारण प्रणालीमा ध्यान दिइरहेको छ । यसमा अतिरिक्त ऊर्जा प्रयोग गरेर पानीलाई माथिल्लो जलाशयमा पम्प गरिन्छ र माग बढ्दा बिजुली उत्पादन गर्न सो पानी प्रयोग गरिन्छ।

**आगामी बाटो**

तर विशेषज्ञ गोस्वामी स्वच्छ ऊर्जामा सङ्क्रमणका लागि बहुआयामिक दृष्टिकोण आवश्यक रहेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "भारतको स्वच्छ ऊर्जामा रूपान्तरण बहुआयामिक हुनुपर्नेछ । कोइला प्लान्टको उत्सर्जन घटाउँदै, ग्रिडमा नवीकरणीय स्रोतलाई राम्रोसँग एकीकृत गर्न सके मात्र वास्तविक परिवर्तन सम्भव हुनेछ।"

## पुरुष क्रिकेटः मेलबर्नमाथि नेपाल विजयी




काठमाण्डु । अस्ट्रेलियाको नर्दन टेरिटोरीमा जारी टप एण्ड टी-२० सिरिजमा नेपालले मेलबर्न रेनेगेड्स एकेडेमीलाई ३३ रनले हराउँदै प्रतियोगितामा लगातार दोस्रो जित दर्ता गराएको छ।

यसअघि मङ्गलबार भएको आफनो चौथो खेलमा नेपालले होबर्ट हुरिक्यान्स एकेडेमीलाई ६६ रनले पराजित गर्दै विजयी भएको थियो।

डार्विनको पार्मर्स्टनस्थित काजालिस एरेनामा बुधबार भएको खेलमा नेपालले दिएको एक सय ४० रनको लक्ष्य पछ्याएको रेनेगेड्स निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै एक सय छ रनमा अलआउट भयो । रेनेगेड्सका लागि अर्जुन नायरले सर्वाधिक २६ रन बनाए भने जे लेमिरले १८ र ह्यारी डिक्सनले १६ रन बनाए।

रेनेगेड्सलाई सस्तैमा समेट्ने क्रममा नेपालका सोमपाल कामी एक्लैले पाँच विकेट लिए भने कुशल भुर्तेलले दुई र रुपेश सिंह, दीपेन्द्रसिंह ऐरी र शाहब आलमले समान एक/एक विकेट झारे।

त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर एक ३९ रनको योगफल बनाएको थियो । नेपालका लागि कुशल मल्लले सर्वाधिक २९ रनको योगदान दिए।

उनले २२ बलमा एक चौका र एक छक्कासहित सर्वाधिक २९ रन बनाएका हुन्। दीपेन्द्रसिंह ऐरीले २८ बलमा २७ रन बनाउँदा लोकेश बमले १६ बलमा २४ रन जोडे । भीम सार्कीले १७ तथा आरिफ शेख र रुपेश सिंहले समान १२/१२ रन बनाए।

बलिङतर्फ रेनेगेड्सका फर्गस ओनिल, लचलान बाङ्स, क्यालम स्टो र माइकल आर्चरले समान दुई/दुई विकेट लिए । नेपालले यसअघि खेलको चार खेलमध्ये एकमा जित तथा तीन खेलमा हार बेहोरेको थियो।

नेपाल पहिलो खेलमा एनटी स्ट्राइकर्ससँग ४२ रनले पराजित भएको थियो भने दोस्रो खेलमा बङ्गलादेश 'ए' सँग ३२ रनले तथा तेस्रो खेलमा मेलबर्न स्टार्ससँग ३१ रनले पराजित भएको थियो। नेपालले यही भदौ ६ गते पाकिस्तान शाहीन्ससँग खेल्नेछ।रासस

# नेटोका सैन्य प्रमुखद्वारा युक्रेनको सुरक्षा प्रत्याभूतिबारे छलफल गर्ने



एएफपी

ब्रसेल्स, बेल्जियम । नेटोका सैन्य प्रमुखहरूले युक्रेनको लागि अन्तिम सुरक्षा सुनिश्चितताको विवरणमा बुधबार छलफल गर्नेगरी कार्यक्रम तय गरेका छन्।

सैन्य प्रमुखहरूबीच अन्तिम सुरक्षा सुनिश्चितताको कूटनीतिक प्रयास जारी रहे पनि रुसी सेनाले युक्रेनी थप तीन वस्तीमा सफलता हात पारेको दाबी गरेको छ । युक्रेनी अधिकारीहरूले मस्कोको क्षेप्यास्त्रबाट थप व्यक्तिको मृत्यु भएको बताएका छन् ।नेटोका ३२ सदस्य राष्ट्रका सैन्य प्रमुखहरूको भर्चुअल बैठकमा हुने भएका केही विवरणहरू चुहावट भएका छन्। बैठक बुधबार अपराह्न २:३० बजे सुरु हुनेछ।

तर मङ्गलबार साँझ नेटोका 'ज्वाइन्ट चिफ्स अफ स्टाफ'का प्रमुख तथा शीर्ष अमेरिकी अधिकारी डन केनले युरोपेली सेनाका प्रमुखहरूसँग 'सम्भावित युक्रेन शान्ति सम्झौताका लागि उत्तम विकल्प' बारे छलफल गरेको एक अमेरिकी रक्षा अधिकारीले एएफपीलाई बताए।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अलास्कामा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग ऐतिहासिक भेट गरेको तीन दिनपछि सोमबार युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्की र युरोपेली नेताहरूसँग ह्वाइट हाउसमा भेटवार्ता गर्नुभएको छ।

सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण गरेयता युक्रेनलाई अर्बौं डलरको अमेरिकी समर्थनको चर्को आलोचना गर्दै आएका ट्रम्पले यसअघि युरोपेली राष्ट्रहरू कुनै पनि समाधानका लागि 'जनतालाई जमिनमा हाल्न' इच्छुक रहेको बताएका थिए। उहाँले अमेरिकी सेना पठाउन अस्वीकार गरे पनि त्यसको साटो हवाई सहयोग उपलब्ध गराउने बताउनुभएको थियो।

रूसी नेता पुटिनले जेलेन्स्कीलाई भेट्ने र युक्रेनका लागि पश्चिमा सुरक्षा प्रत्याभूति स्वीकार्न सहमत भएको राष्ट्रपति ट्रम्पले बताए पनि किएभ र नेटोका सदस्य राष्ट्रहरूका नेताहरूले सावधानीपूर्वक प्रतिक्रिया दिएका छन्।

**नयाँ रूसी आक्रमण**

रुसको रक्षा मन्त्रालयले बुधबार टेलिग्राममा आफ्नो सेनाले डोनेट्स्क क्षेत्रमा पर्ने सुखेत्स्के र पान्किभका गाउँकब्जा गरेको जनाएको छ ।गत हप्ता रुसी सेनाले युक्रेनी रक्षा प्रणालीलाई ध्वस्त पारेको र पोक्रोभ्स्क र कोस्टियानटाइनिभ्काको सैनिक बन्दोबस्तीका सामान भण्डारण क्षेत्रको बीचमा रहेको मोर्चाको नजिकै छ।

पूर्वी खार्किभ क्षेत्रमा रुसी ड्रोन आक्रमणमा ७० र ७१ वर्षका दुई जनाको मृत्यु भएको सरकारी वकिलको कार्यालयले जनाएको छ ।युक्रेनको पूर्वी शहर कोस्टियनटाइनिभ्कामा रहेको एक आवासमा रुसी 'ग्लाइड बम' विस्फोट हुँदा कम्तीमा चार जना भग्नावशेषमा फसेको त्यहाँका सैनिक प्रशासन प्रमुख सर्गी गोर्बुनोभले जानकारी दिनुभयो।

क्षेत्रीय गभर्नर ओलेग ग्रिगोरोभका अनुसार रुसले सुमी क्षेत्रको उत्तरपूर्वी शहर ओख्तिर्कामा गरेको हवाई आक्रमणमा तीन बालबालिकासहित कम्तीमा १४ जना घाइते भएका छन् ।जेलेन्स्कीका अनुसार यी पछिल्ला आक्रमणले मस्कोमाथि थप दबाब सिर्जना गर्ने आवश्यकतालाई पुष्टि गरेको छ।

# इजरायली रक्षामन्त्रीद्वारा गाजा सहर कब्जा गर्ने योजना अनुमोदन

एएफपी

जेरुसेलम । इजरायलका रक्षामन्त्री इजरायल काट्जले गाजा सहरको विजय योजनालाई स्वीकृति दिनुभएको उहाँको मन्त्रालयले बुधबार पुष्टि गरेको छ। उहाँले यो योजनालाई पूरा गर्न करिब ६० हजार जगेडा सैनिकलाई बोलाउने अनुमति दिनुभएको छ।

एक प्रवक्ताले एएफपीलाई पुष्टि गरेअनुसार रक्षामन्त्री काट्जको यो कदम गाजामा झन्डै दुई वर्षदेखि चलिरहेको युद्धमा युद्धविरामका लागि दबाब दिइरहेका मध्यस्थकर्ताहरूको पछिल्लो प्रस्तावमा आधिकारिक इजरायली प्रतिक्रियाको प्रतीक्षा भइरहेका बेला आएको हो।

मध्यस्थकर्ता कतारले पछिल्लो प्रस्तावमा सावधानीपूर्वक आशावाद व्यक्त गरेको भए पनि एक वरिष्ठ इजरायली अधिकारीले सरकार कुनै पनि सम्झौतामा सबै बन्धकको रिहाइमा अडिग रहेको स्पष्ट पारेका छन् ।हमासले स्वीकृत गरेको ढाँचामा प्रारम्भिक ६० दिनको युद्धविराम, चरणबद्ध बन्धकहरूको रिहाइ, केही प्यालेस्टिनी कैदीहरूको रिहाइ तथा गाजामा सहायताको प्रवेशका लागि अनुमति दिने प्रावधान समावेश गरिएको छ।

इजरायल र हमासबीच युद्धभरि अप्रत्यक्ष वार्ता हुँदै आएको छ। वार्ताका क्रममा प्यालेस्टिनी कैदीहरूको बदलामा इजरायली बन्धकहरूको रिहाइ भएको थियो ।पछिल्लो युद्धविराम प्रस्ताव इजरायलको सुरक्षा मन्त्रिपरिषद्ले गाजा सहर कब्जा गर्ने योजनालाई अनुमोदन गरेपछि आएको हो। यसले पहिले नै विनाशकारी भइसकेको मानवीय सङ्कटलाई अझ गम्भीर बनाउने चिन्ता व्यक्त गरिएको छ।



संयुक्त राज्य अमेरिकाको समर्थनमा कतार र इजिप्टले शटल कूटनीति (प्रत्यक्ष छलफल गर्न अनिच्छुक दुई वा दुईभन्दा बढी पक्षबीच यात्रा गर्ने मध्यस्थकर्ताद्वारा गरिने वार्ता) को बारम्बार चरणहरू मध्यस्थता गर्दै आएका छन्। कतारले पछिल्लो प्रस्ताव इजरायलले सहमति जनाइसकेको अघिल्लो संस्करणसँग 'लगभग समान' रहेको बताएको छ भने इजिप्टले सोमबार 'अब बल इजरायलको कोर्टमा छ' भन्दै टिप्पणी गरेको थियो।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले यस योजनाबारे सार्वजनिक टिप्पणी गर्नुभएको छैन, तर गत हप्तामात्र उहाँले आफ्नो देशले 'सबै बन्धकलाई एकैचोटि र युद्धको अन्त्यका लागि आफ्ना सर्तअनुसार रिहा गर्ने सम्झौता' स्वीकार गर्ने बताउनुभएको थियो।

हमासका वरिष्ठ अधिकारी महमुद मर्दावीले सामाजिक सञ्जालमार्फत आफ्नो समूहले 'सम्झौतामा पुग्ने सम्भावनाका लागि ढोका फराकिलो खोलेको' बताउनुभयो तर नेतान्याहुले विगतमा जस्तै यसलाई फेरि बन्द गर्ने सम्भावनाबारे प्रश्न उठाउनुभयो।

**सेतो सुन**

नेतान्याहुले देशभित्र र विदेशमा बढ्दो दबाबको सामना गरिरहेका बेला यो प्रस्ताव आएको हो ।गाजामा मङ्गलबार इजरायली आक्रमण र गोली हानाहानका कारण ४८ जनाको मृत्यु भएको नागरिक सुरक्षा एजेन्सीले जनाएको छ ।एजेन्सीका प्रवक्ता महमुद बासलले गाजा सहरको जाइटाउन र साब्रा क्षेत्रमा अवस्था 'धेरै खतरनाक र असहनीय' भएको बताउनुभयो । त्यहाँ 'गोलाबारी निरन्तर जारी' रहेको पनि उहाँले उल्लेख गर्नुभयो । इजरायली सेनाले भने केवल 'हमासको सैन्य क्षमतामा आक्रमण भइरहेको' र 'नागरिक क्षति कम गर्न सम्भव सावधानी अपनाइएको' भन्दै विशेष सेनाको गतिविधि बारे टिप्पणी गर्न अस्वीकार गरेको छ। सेनाले पछि खान युनिसमा रातभर हमासका लडाकूहरूलाई लक्षित गरी आक्रमण गरिएको जानकारी दियो ।गाजामा मिडिया प्रतिबन्ध र प्यालेस्टिनी क्षेत्रमा पहुँच गर्न कठिनाइका कारण एएफपीले नागरिक सुरक्षा एजेन्सी वा इजरायली सेनाले दिएको तथ्य स्वतन्त्र रूपमा प्रमाणित गर्न सकेको छैन।

मङ्गलबार उत्तरी गाजाको जिकिम क्षेत्रमा एएफपीका एक पत्रकारले प्यालेस्टिनीहरूलाई भग्नावशेष र क्षतिग्रस्त भवनहरू बीचको धुलोले भरिएको सडकमा खाद्यान्न सहयोगका बोरा बोकेर हिँडिरहेको देखेका थिए ।गजन सोग अल-बदरीले आफ्नो परिवारको पालमा 'सेतो सुन' भनिने पिठो पुऱ्याउन 'तीनदेखि चार घण्टा' लागेको बताउनुभयो। उहाँले भन्नुभयो, "यो झोला सारा संसारको लायक छ।"

एएफपीको आधिकारिक तथ्याङ्कअनुसार, सन् २०२३ को अक्टोबरमा हमासले इजरायलमा गरेको आक्रमणमा एक हजार दुई सय १९ जनाको मृत्यु भएको थियो, जसमा अधिकांश नागरिक थिए।त्यसको जवाफमा इजरायली आक्रमणमा कम्तीमा ६२ जहार ६४ प्यालेस्टिनीको मृत्यु भएको छ । तीमध्ये अधिकांश सर्वसाधारण रहेको गाजाको स्वास्थ्य मन्त्रालयले जनाएको छ । यस तथ्याङ्कलाई संयुक्त राष्ट्रसङ्घले भरपर्दो मानेको छ।

# युक्रेनको रक्षा गर्न अमेरिकी सेना नपठाउने : ट्रम्प

एपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार युक्रेनलाई रुसबाट जोगाउन अमेरिकी सेना नपठाउने आश्वासन दिनुभएको छ। यद्यपि उहाँले एक दिनअघि यस्तो सम्भावनालाई खुला छाड्नुभएको थियो।

टिभी अन्तर्वार्तामा ट्रम्पले युक्रेनको नाटोमा प्रवेश गर्ने र रुसबाट क्रिमिया प्रायद्वीप फिर्ता पाउने आशा 'असम्भव' भएको बताउनुभयो।

रिपब्लिकन राष्ट्रपति ट्रम्प, युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्की र अन्य युरोपेली नेताले सोमबार ह्वाइट हाउसमा रूस-युक्रेन युद्ध अन्त्य गर्ने उद्देश्यले लामो वार्ता गर्नुभएको थियो। पत्रकारको प्रश्नमा ट्रम्पले जेलेन्स्कीले माग्नुभएको सुरक्षा ग्यारेन्टी अन्तर्गत अमेरिकी सेना पठाउने कुरा भने अस्वीकार गर्नुभएन।

गत हप्ता अलास्कामा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको भेटपछि ट्रम्पले युक्रेनका लागि सुरक्षा ग्यारेन्टीबारे पुटिन खुला भएको बताउनुभएको थियो । तर मङ्गलबार फक्स न्युजको 'फक्स एन्ड फ्रेन्ड्स' कार्यक्रममा उहाँले अमेरिकी सेना युक्रेनको सिमाना रक्षा गर्न नजाने प्रष्ट पार्दै भन्नुभयो, "तपाईंलाई मेरो आश्वासन छ, र म राष्ट्रपति हुँ।"

सन् २०२९ जनवरीमा आफ्नो कार्यकाल समाप्त भएपछि ट्रम्पको अमेरिकी सेनामाथि कुनै नियन्त्रण हुनेछैन। ह्वाइट हाउसकी प्रेस सचिव क्यारोलिन लेविटले पनि पुष्टि गर्दै भन्नुभयो, "कुनै पनि शान्ति मिसन अन्तर्गत अमेरिकी सेना जमिनमा रहने छैन।"

ट्रम्पले अन्तर्वार्तामा रूसी आक्रमण अन्त्य गर्न सम्भावित सम्झौतामा पुग्ने आशा व्यक्त गर्नुभयो। तर उहाँले युक्रेनले क्रिमिया फिर्ता पाउने वा नाटोमा सामेल हुने आकांक्षा अलग राख्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "यी दुवै कुरा असम्भव छन्।"



पुटिनले डोनेट्स्क र लुहान्स्क क्षेत्रबाट युक्रेनी सेना फिर्ता लैजाने र क्रिमियालाई रूसी क्षेत्रका रूपमा मान्यता दिन दबाब दिइरहनुभएको छ । सोमबार ट्रम्पले पुटिन र जेलेन्स्कीबीच प्रत्यक्ष वार्ता गर्ने व्यवस्था गरिरहेको बताउनुभएको थियो।

तर पुटिन युक्रेनी नेतासँग प्रत्यक्ष भेट्न इच्छुक हुनुहुन्छ कि हुनुहुन्न भन्नेबारे क्रेमलिनले अझै केही खुलाएको छैन। पत्रकारको प्रश्नमा लेविटले भन्नुभयो, "पुटिनले भेट्ने वाचा गरिसक्नुभएको छ ।"जेलेन्स्की, पुटिन र आफूबीच त्रिपक्षीय वार्ताको दबाब दिइरहेको बताउँदै ट्रम्पले भन्नुभयो, "आवश्यक परेमा त्रिपक्षीय बैठक हुनेछ तर पहिले पुटिन-जेलेन्स्की आमनेसामने हुनुहुनेछ।"

पुटिनका विदेश सल्लाहकार युरी उशाकोभले युक्रेनसँग द्विपक्षीय वा त्रिपक्षीय बैठकबारे सहमति भएको कुनै सङ्केत दिनुभएन। आगामी दुई हप्तामा पुटिनको निर्णय स्पष्ट हुने विश्वास व्यक्त गर्दै ट्रम्पले भन्नुभयो, "मलाई लाग्छ पुटिन यस युद्धबाट थकित हुनुहुन्छ, सबै थकित छन्। तर के हुन्छ भन्ने दुई हप्ताभित्रै पत्ता लाग्छ।"

# दिल्लीकी मुख्यमन्त्रीमाथि आक्रमण, एक जना पक्राउ

सिन्ह्वा

नयाँदिल्ली। दिल्ली प्रहरीले बुधबार बिहान दिल्लीकी मुख्यमन्त्री रेखा गुप्तामाथि सार्वजनिक गुनासो सुन्दै गर्दा शारीरिक दुर्व्यवहार गरेको आरोपमा ४१ वर्षीय एक व्यक्तिलाई पक्राउ गरेको छ।

उक्त व्यक्तिको पहिचान पश्चिमी राज्य गुजरातका राजेश खिमजीका रूपमा भएको छ। दिल्ली प्रहरीले हाल उनलाई आक्रमणको कारणबारे सोधपुछ गरिरहेको छ ।दिल्ली प्रहरीका एक अधिकारीका अनुसार, आक्रमणकारीले मुख्यमन्त्रीलाई थप्पड हाने र त्यसपछि उहाँको हात र कपाल समाते। "आक्रमणका क्रममा मुख्यमन्त्रीलाई हल्का चोट लागेको छ। उहाँको टाउकोमा सानो चोट लागेको छ र हाल चिकित्सकीय परीक्षण भइरहेको छ", ती अधिकारीले।

प्रत्यक्षदर्शीलाई उद्धृत गर्दै हिन्दुस्तान टाइम्सको अनलाइन रिपोर्टअनुसार मुख्यमन्त्रीले नागरिकहरूसँग कुरा गर्दै र उनीहरूको गुनासो सुन्दै गर्दा एक व्यक्ति अचानक अगाडि आए। उनले कागजको टुक्रा दिए, चर्को स्वरमा बोल्न थाले, अपशब्द प्रयोग गरे र त्यसपछि थप्पड हाने।

यसैबीच, गुजरातका मिडिया रिपोर्टहरूका अनुसार आक्रमणकारीकी आमाले आफ्नो छोरा 'कुकुरप्रेमी' भएको बताएकी छन्। उनका अनुसार, दिल्ली र आसपासका क्षेत्रमा बेवारिसे कुकुर हटाउने विषयमा हालैको विवादका कारण देशका विभिन्न भागमा शृङ्खलाबद्ध विरोध प्रदर्शन भइरहेका छन्।

# प्रहरी सेवापछि व्यावसायिक खेतीमा पदम

बनियानी । यहाँको कचनकवल गाउँपालिका-६ कार्कीभोडाका पदम गौतम (खत्री) अहिले व्यावसायिक कृषि कर्ममा लाग्नुभएको छ । करिब २५ वर्ष नेपाल प्रहरीमा सेवा गरेर अवकाश पाएपछि जीवनको दोस्रो अध्यायका रूपमा उहाँले कृषिलाई अगाल्नुभएको हो ।

विसं २०७४ मा प्रहरी नायब निरीक्षकबाट अवकाश पाएको जनाउँदै गौतमले २०७८ सालदेखि व्यावसायिक कृषिलाई आफ्नो जीवनको नयाँ पाटो बनाएको बताउनुभयो । उहाँले ‘ एकीकृत कचनकवल कृषि तथा पशुपन्छी फार्म’ दर्ता गरेर पाँच कट्ठाभन्दा बढी जमिनमा कुरिलो, ड्रागन फ्रुट र परीक्षणका रूपमा आभोकाडोखेती सुरु गर्नुभएको छ ।

दुई वर्षको अवधिमा उहाँले ड्रागन फ्रुटखेतीबाट वार्षिक रु दुई लाख आम्दानी गर्न थालेका बताउँदै भन्नुभयो, “कुरिलोखेतीले तीन वर्षमा रु दुई लाख ५० हजारभन्दा बढी आम्दानी दिएको छ ।”

कृषिमा गरेको लगानीले सकारात्मक परिणाम दिन थालेपछि गौतमले आफू भविष्यप्रति आशावादी रहेको बताउनुभयो । कचनकवल गाउँपालिका क्षेत्रमा व्यावसायिक रूपमा कुरिलोखेती गर्ने आफू पहिलो कृषक भएको उहाँको भनाइ छ । “अरुले व्यक्तिगत प्रयोजन वा थोरै मात्रामा रोपेका होलान्”, उहाँले भन्नुभयो, “तर, व्यवस्थित र व्यावसायिक रूपमा उत्पादन गर्ने काम मैले गरेको हुँ ।”

बजारको अभाव कृषिकर्ममा लाग्नेहरूका लागि मुख्य चुनौती रहेको गौतमले बताउनुभयो । “स्थानीय बजारको अभाव छ”, उहाँले भन्नुभयो, “उत्पादन बेच्न बिर्तामोड धाउनुपर्छ ।” उहाँले कुरिलोलाई अझै पनि स्थानीय बजारमा औषधिका रूपमा मात्र हेर्ने गरिएको बताउँदै सोही कारणले स्थानीय बजारमा खपत नहुने भएकाले ठूला बजारमा पुर्‍याउनुपर्ने बाध्य रहेको उल्लेख गर्नुभयो ।

गौतमले ५० वटा आभोकाडोका बिरुवा परीक्षणका रूपमा रोप्नुभएको छ । यसबाट तत्काल आम्दानी नभए पनि भविष्यमा सम्भावना रहेको उहाँको बुझाइ छ ।

कृषिलाई थप व्यावसायिक बनाउन उहाँले गत वर्ष कृषि ज्ञान केन्द्रबाट युवा लक्षित कार्यक्रमअन्तर्गत रु एक लाख अनुदान लिएको जनाउँदै उक्त रकम पर्याप्त नभएको बताउनुभयो ।रासस

# छ अर्ब लागतमा नयाँ पेट्रोलियम भण्डारण डिपो बन्ने

काठमाण्डु । नेपाल आयल निगमले रुपन्देहीको रोहिणी नदी किनारमा करिब छ अर्ब लागतमा आधुनिक सुविधा सम्पन्न नयाँ इन्धन डिपो निर्माण गर्ने भएको छ । हाल सञ्चालनमा रहेको भलबारीस्थित डिपो साँघुरो, घनाबस्ती बीचमा र वर्तमान परिस्थितिको पेट्रोलियम पदार्थको माग धान्न नसक्ने अवस्थामा पुगेकाले सो क्षेत्रमा करिब साढे २५ बिघा क्षेत्रफलमा नयाँ डिपो निर्माण गर्न लागिएको हो ।

कुल रु पाँच अर्ब ७९ करोड ३० लाख (करबाहेक) लागतमा उक्त डिपो निर्माण गरिनेछ । काठमाडौं विश्वविद्यालय कन्सल्टेन्सी सेवा विभागले आज निगमलाई उक्त डिपोको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) हस्तान्तरण गरेको छ ।

सो डिपोमा कुल १८ हजार छ सय ८८ किलोलिटर इन्धन भण्डारण गर्न ट्याङ्क निर्माण गरिने निगमका भण्डारण क्षमता अभिवृद्धि परियोजना प्रमुख प्रदीपकुमार यादवले जानकारी दिनुभयो । जसअन्तर्गत डिजेल भण्डारण गर्न १३ हजार पाँच सय किलोलिटर, पेट्रोलका लागि चार हजार नौ सय ६० किलोलिटर र मट्टितेलका लागि दुई सय २८ किलोलिटर क्षमताका भण्डारण ट्याङ्क निर्माण गरिनेछ । नयाँ बन्ने भण्डारण गृहले लुम्बिनी प्रदेशको एक महिनाको माग धान्ने छ ।

डिपोभित्र अग्नि सुरक्षा प्रणालीका लागि २१ सय किलोलिटर क्षमताको दुई वटा पानी ट्यांकी निर्माण हुनेछन् । जसमा कूल चार हजार दुई सय किलोलिटर पानी भण्डारण हुनेछ । इन्धन लोडिङ सेडमा आठ वटा ’वे’ र अनलोडिङ सेडमा पनि आठ वटा ‘वे’ निर्माण हुनेछ ।



पूर्ण रुपले अटोमेसनमा आधारित डिपोमा भण्डारण गृह, पेट्रोलियम पदार्थको प्रवाह तथा फायर फाइटिङ प्रणालीको पाइपिङ निर्माण, विद्युतीय कार्य, प्रशासनिक भवन, कन्ट्रोल भवन, प्रयोगशाला भवन, बिलिङ तथा स्टोर भवन, कार्यालय प्रमुख तथा कर्मचारी आवास गृहलगायत संरचना निर्माण गरिने निगमले जनाएको छ ।

असोजमा बोलपत्र आह्वान गरी मङ्सिरबाट निर्माण गरिने निगमले जनाएको छ । निर्माण सुरु भएको तीन वर्षमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । डिपिआर हस्तान्तरण कार्यक्रममा भण्डारण क्षमता अभिवृद्धि परियोजना प्रमुख यादवले हालको भलबारी डिपो अन्तर्राष्ट्रिय सुरक्षा मापदण्डको नरहेको तथा भण्डारण क्षमता विस्तार गर्न ठाउँ साघुँरो भएकाले रोहिणी क्षेत्रमा डिपो स्थान्तरण गर्न लागिएको जानकारी दिनुभयो ।काठमाडौँ विश्वविद्यालय कन्सल्टेन्सी सेवा विभागका प्रमुख डा विवेक बरालले पेट्रोलियम पूर्वाधार डिजाइन र निर्माण गर्न नेपाली इञ्जिनियर सक्षम रहेको बताउनुभयो ।

काठमाडौं विश्वविद्यालयका पेट्रोलियम विज्ञ एवं निगमका पूर्वनिमित्त कार्यकारी निर्देशक सुशील भट्टराईले भलबारीमै भण्डारण क्षमता विस्तार गर्ने अवस्था नरहेकाले उक्त डिपो स्थान्तरण गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । “भलबारीमा दुई/तीन दिनको माग धान्ने भण्डारण छ, अहिले अमलेखगञ्जबाट भैरहवा इन्धन ढुवानी हुँदै आएको छ, केही कारणले राजमार्ग अवरुद्ध भएको अवस्थामा लुम्बिनी प्रदेशको आपूर्ति शृत लामा प्रभाव पर्न सक्छ”, उहाँले भन्नुभयो, “भण्डारण क्षमता विस्तार गर्न नयाँ डिपो निर्माण गर्नुपरेको हो ।“

निगमले रुपन्देहीको रोहिणी र ओमसतिया गाउँपालिकामा रहेको जग्गामा नयाँ इन्धन डिपो निर्माणका लागि डिपिआर तयार गर्न गत मङ्सिरमा काठमाडौँ विश्वविद्यालयसँग सम्झौता गरेको थियो । डिपो निर्माणका लागि रोहिणी र ओमसतिया गाउँपालिकामा आयल निगमले साढे ११ बिघा जग्गा खरिद गरेको छ । सो क्षेत्रमा रहेको थप साढे ८ विधा पर्ती जग्गा निगमको स्वामित्वमा ल्याउने प्रक्रिया अघि बढेको निगमले जनाएको छ ।

उक्त स्थानमा इन्धन डिपो निर्माणका लागि रोहिणी र ओमसतिया गाउँपालिकाबाट सैद्धान्तिक स्वीकृति प्राप्त भइसकेको छ । यस्तै पर्ती जग्गा भोगचलन गरिरहेका ९७ जना स्थानीयले डिपो निर्माणका लागि आवश्यक सहयोग र समन्वयन गर्न लिखित सहमति तथा प्रतिवद्धतासमेत व्यक्त गरेको निगमले जनाएको छ

**किन बनाउनुपर्यो नयाा डिपो ?**

लुम्बिनी प्रदेशमा इन्धन वितरणका लागि निगमले हाल भलवारीमा प्रादेशिक कार्यालय संचालन गरिरहेको छ । करिब साढे पाँच बिघा जमिनमा फैलिएको डिपोमा न्यून भण्डारण क्षमता रहेको छ ।


हाल भलवारी डिपोमा पेट्रोलका लागि पाँच सय १९ किलोलिटर, डिजेलका लागि तीन हजार ४० किलोलिटर र मट्टितेलका लागि दुई सय ८० किलोलिटर क्षमताको भण्डारण ट्यांक रहेको छ ।

वर्तमान खपत परिमाणको तुलनामा हालको भण्डारण क्षमता अत्यन्त न्यून तथा सोही स्थानमा भण्डारण क्षमता वृद्धि गर्नका लागि जग्गा अभाव भएकाले डिपो स्थान्तरण गर्नुपरेको निगमले जनाएको छ ।

बुटवल-भैरहवा सडकसँगै जोडिएको र घना बस्तीको बीचमा रहेको डिपोबाट पेट्रोलियम पदार्थको कारोबार हुँदा सुरक्षा चुनौती बढेको भन्दै स्थानीयले डिपो स्थानान्तरणको माग गर्दै आएका छन् ।रासस

# अझै जीवित छ एक हजार वर्ष पुरानो ‘गाउँ पूजा’

ढोरपाटन । अर्ध नग्न शरीर, मोसोले छोपिएको अनुहार र छाति, कम्मरमा सेतो कपडा बाँधेर हातमा धुपीको हाँगो समातेर केही युवा दौडिँदै थिए । ती युवाका पछि द्याङ्ग्रो ठट्याउँदै आइरहेका थिए, झाँक्रीहरु । माथिदेखि दौडिँदै आएको झाँक्री र एक हुल युवाको दृश्य अनौठो थियो । यो अवसरको साक्षी बन्न निसेलढोरमा सयौँ मानिस जम्मा भएका थिए ।



यसलाई निसीवासीले नांखा (गाउँ) पूजा भन्छन् । यो पूजा एक हजार वर्ष पुरानो भएको स्थानीयको विश्वास छ । हरेक दुई/दुई वर्षमा हुने गाउँ पूजा पछिल्लो समय मेलाकै रुपमा लिन थालिएको छ । गाउँ पूजालाई मगर खाम भाषामा नांखा पूजा भन्ने गरिन्छ । यो अन्य पूजाभन्दा भिन्न छ । भदौ १ गते निसीवासीले गाउँ पूजालाई धुमधामका साथ मनाउने गर्छन् ।

स्थानीयले साउन मसान्तकै दिनदेखि विभिन्न देवीदेवताका नाममा पूजा गर्ने र साँझ गाउँभरीका झाँक्रीहरु एकै ठाउँमा जम्मा भएर तन्त्रमन्त्र गर्छन् । बिहान सबेरै निसेलढोर गाउँभन्दा माथि रहेको बराह थानमा पुगेर पूजा गर्छन् । बराह थानमा पुगेपछि युवाहरुले अर्ध नग्न बनेर अनुहार र शरीरमा मोसो दली राक्षसको स्वरुप धारण गर्ने गर्छन् । झाँक्री र राक्षसको स्वरुप धारण गरेका कापैले गाउँमा अनिष्ट गर्ने भुतप्रेत र राक्षेसी आत्मालाई उत्तरगङ्गा नदीमा खसाल्ने बुढापाका बताउँछन् ।

**अनिष्ट हुन थालेपछि ‘गाउा पूजा’ गर्न थालियो**

सुरुआती समयमा निसेलढोर गाउँमा वर्ष अगाडि अनिष्ट हुन थालेपछि गाउँलेले गाउँ पूजा गर्न थालेको इतिहास रहेको निसीखोला गाउँपालिकाका उपाध्यक्ष प्रेमबहादुर घर्ती मगरको भनाइ छ । एक हजार वर्ष पहिले निसेलढोरबाट स्थानीय बसाइँसराइ गरेर अन्तै जाँदा हिँड्न नसक्ने बुढाबुढी (जुजाजुजी) लाई गाउँमाथिको ओडारमा लगेर छोडेको र महिनौँपछि हेर्न पुग्दा उनीहरुको मृत्यु भइसकेको हुँदा उनीहरुको आत्माको शान्तिका लागि गाउँ पूजा थालिएको बुढापाकाले सुनाएको घर्ती बताउनुहुन्छ ।

ओडामार मृत्यु भएका जुजाजुजी राक्षसको रुपमा गाउँ पसेरपछि मान्छे मर्ने, धन सम्पत्ति, बालीनालीको क्षति हुने, पशुचौपायासमेत मर्ने गरेपछि सुरु शान्तिका लागि सुरु गरिएको गाउँ पूजा अहिलेसम्म चल्दै आएको उहाँको भनाइ छ । पहिले निसेलढोर आसपासमा ठूलो बस्ती रहेको प्रमाणित गर्ने अवशेषहरु अहिले भेटिने गरेको उपाध्यक्ष घर्तीमगरले बताउनुभयो । गाउँ पूजा गर्दा मृत आत्माले शान्ति पाउने र गाउँमा अनिष्ट नहुने उहाँ बताउनुहुन्छ ।

“बुढापाकाका अनुसार पहिले निसेलढोरमा ठूलो बस्ती थियो, अहिले पनि त्यसका अवशेष भेटिन्छन्, त्यसबेला मानिसहरु बसाइँसराइ गरेर अन्तै जाँदा हिँड्न नसक्ने जुजाजुजीलाई गाउँमाथिको ओडारमा छोडे छन्, पछि आफन्त भेट्न आउँदा उनीहरुको मृत्यु भइसकेको रहेछ,” उपाध्यक्ष घर्ती मगरले भन्नुभयो, “उनीहरुको मृत्यु भइसकेपछि निसेलढोर गाउँमा अशुभ हुन थालेछ, त्यसपछि सिंगो गाउँमा बस्ने सबैले गाउँ पूजा गर्न सुरु गरे छन्, पूजा गरेपछि गाउँमा अनिष्ट हुन छोडेछ, एक वर्ष पूजा गर्‍यो भने दुई वर्षसम्म अशुभ नहुने मान्यता छ ।”

**भूत धपाउन खोलामा हाम फाल्छन् युवा**

बराह थानबाट पूजा गरेर फर्किएका राक्षसको रुप धारण गरेका कापै अग्लो झोलुङ्गे पुलबाट उर्लिएको उत्तरगंगा नदीमा हाम फल्छन् । जसलाई स्थानीयले भूत प्रेतलाई धपाएको भन्ने गर्छन् । यसरी भूत धपाएपछि गाउँमा कुनै पनि किसिमको अनिष्ट नहुने स्थानीय राजमन बुढा मगरले बताउनुभो ।

यस पुलमा दैविक शक्ति रहेको हुँदा उत्तरगंगामा हाम फाल्ने कापैलाई चोट पटक नलाग्ने र नदीले नबगाउने बुढा मगरले बताउनुभयो । पहिले झोलुङ्गे पुल नबन्दा काठको साँघुबाटनै कापैले खोलामा हाम फल्ने गरेको उहाँको भनाइ छ । भूतलाई खोलामा खसाएपछि गाउँलाई रोग व्याधी नलाग्ने, वस्तुभाउ र बालीनाली पनि राम्रो हुने बुढा मगरको भनाइ छ ।

उहाँले भन्नुभयो, “झाँक्रीले विधिअनुसार कापैलाई तन्त्रमन्त्र गरेको हुन्छ, कापैले अनुहारमा लगाएको मोसो, शरीरमा लेखिएको विभिन्न अक्षर र राक्षसको जस्तो पहिरनले भूत प्रेतलाई फकाउने र लखेट्दै लगेर खोलामा खसाल्ने गरिन्छ, हाम्रो पुर्खाहरुले मान्दै आएको परम्परा अहिलेसम्म चल्दै आएको छ, यसमा धार्मिक विश्वास छ, हाम्रो आस्था छ ।”

**संरक्षणमा युवा र पालिकाको चासो**

गाउँ पूजालाई लोप हुन नदिनका लागि निसीखोला गाउँपालिका-५ का युवाहरुले चासो दिएका छन् । यसवर्ष गाँउ (नांखा) पूजा सञ्चालक तथा व्यवस्थापन समितिमार्फत पूजा सञ्चालन गरिएको थियो । युवाहरुले चासो नदिँदा लोप हुने हुँदा संरक्षणका लागि आफूहरु लागेको गाँउ (नांखा) पूजा सञ्चालक तथा व्यवस्थापन समिति अध्यक्ष लक्ष्मण छन्त्यालले बताउनुभयो । युवाहरुलाई एकताबद्ध गराएर पूजा संरक्षणमा लागेको उहाँको भनाइ छ ।


निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले कला संस्कृति संरक्षणका लागि गाउँपालिका हरेक वर्ष बजेट विनियोजन गरी काम गर्दै आएको बताउनुभयो । लोपोन्मुख संस्कृतिको संरक्षणका लागि पाका पुस्ता र नयाँ पुस्तालाई एकै ठाउँमा राखेर पुस्तान्तरण गर्ने काम गाउँपालिकाले गर्दै आएको उहाँको भनाइ छ । गाउँ पूजा निसीखोलाको विशिष्ट मौलिक संस्कृति भएको हुँदा पालिकाले प्राथमिकतामा राखेरै संरक्षणमा जोड दिएको अध्यक्ष घर्ती बताउनुहुन्छ ।रासस

# अन्नपूर्ण संरक्षण क्षेत्र : मनसुनमा घटे पर्यटक

गण्डकी । पदयात्रा पर्यटनका लागि विश्वप्रसिद्ध गन्तव्य अन्नपूर्ण संरक्षण क्षेत्रमा मनसुनका कारण पर्यटक घटेका छन् । गत असारयता पर्यटक आगमनमा कमी आएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले जनाएको छ । असारमा १९ हजार ७४९ पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेका थिए । साउनमा जम्मा ११ हजार ८२४ पर्यटक भित्रिएको आयोजनाका प्रमुख डा रविन कडरियाले जानकारी दिनुभयो ।

मनसुन सुरु हुनुअघि गत जेठमा ३१ हजार ९५५ पर्यटक अन्नपूर्ण क्षेत्रमा आएका थिए । गत वर्षको तुलनामा भने यो साउनमा पर्यटक बढी आएको उहाँको भनाइ छ । गत वर्ष साउनमा जम्मा पाँच हजार ७१० पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए । मनसुनयाम पर्यटन क्षेत्रका लागि बेमौसम मानिन्छ ।

असोज लागेपछि पदयात्राका लागि आउने स्वदेशी तथा विदेशी पर्यटकको सङ्ख्या बढ्ने आयोजना प्रमुख डा कडरियाले बताउनुभयो ।



“मनसुनयाममा पनि घुम्न सकिने गन्तव्यको पहिचान र प्रवर्द्धनको काम गर्न सकिएमा विदेशी पर्यटक आकर्षित गर्न सकिन्छ”, उहाँले भन्नुभयो, “पछिल्लो समय कास्कीको कोरी, बागलुङको ढोरपाटनलगायत ठाउँमा मनसुन पदयात्राका लागि आन्तरिक पर्यटक पुग्न थालेका छन् ।”

असारदेखि भदौसम्मको यामलाई पर्यटन क्षेत्रका लागि ‘अफसिजन’का रूपमा लिने गरिएको उहाँले बताउनुभयो । अन्नपूर्ण क्षेत्रको पदयात्राका लागि असोजदेखि मङ्सिर र चैतदेखि जेठसम्मको समय उत्तम मानिन्छ । सोही याममा पर्यटक आगमन पनि उल्लेख्य रूपमा बढ्ने गरेको छ । गत आवमा दुई लाख ७८ हजार ११३ विदेशी पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेका थिए ।

आयोजना कार्यालयले अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ ।

यस क्षेत्रमा पर्ने अन्नपूर्ण आधार शिविर, कास्कीको मर्दी हिमाल, ल्वाङ, घान्द्रुक गाउँ, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानी, पुनहिललगायतका गन्तव्यस्थलले पर्यटकलाई लोभ्याउने गरेको छ । कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायतका मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा गर्न सकिन्छ ।

सात हजार ६०० वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा पर्छन् । अन्नपूर्ण संरक्षण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता, संस्कृति आदि कारणले आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्ने गरेको छ ।रासस

# आधुनिक बाजाले बादी समुदायको पुख्यौंली पेसा सङ्कटमा

लम्की । बल्चौरका तीर्थ बादीलाई मादल बनाउने चटारो छ । सखारै उहाँ काठ काट्ने औजार लिएर घर बाहिर मादल बनाउन राखिएको काठको घार मिलाउनुहुन्छ । त्यसपछि तयार भएको मादलमा खरी लगाउने, सुकाउने र डोरी कस्नुहुन्छ ।

नारीहरूले सौभाग्य र समृद्धिका निम्ति धार्मिक परम्परानुसार शिवपार्वतीको उपासना एवं पूजा गर्ने तीज नजिकिएसँगै उहाँको व्यस्तता बढेको हो । मादलको मौस मादल बनाउने र बेच्ने फुर्सद हुँदैन ।

शिल्पी तीर्थको सानो कच्ची घर छ । समीपको अर्को कटेरोलाई उहाँले मादलको गोदाम बनाउनुभएको छ । उहाँले त्यो गोदाममा बेच्नका लागि ठिक्क पारेका एक दर्जनबढी मादल राख्नु भएको छ । मादल बनाउनको लागि तयार पारेका काठका घार पनि भण्डार गर्नुभएको छ । “एउटा मादल साधारणतया तयार गर्न ४ दिने लाग्ने गर्दछ । तर मादल बनाउँदा एक दिन घार तयार पार्ने, अर्को दिने कस्ने र खरी लगाउने गरिन्छ । खरी लगाएको मादललाई सुकाएर ‘फिनिसिङ’ गर्नुपर्छ”, उहाँले भन्नुभयो ।

मादल बनाउने काठ अभाव भएको उहाँको गुनसो छ । रिट्ठा र आँपको काठमा कला भर्नुहुने उहाँ बाख्रा, राँगाको छाला र खरीढुङ्गाबाट मादल उत्पादन गर्ने गरेको बताउनुहुन्छ । “मादल बेचेर वार्षिक छ लाखसम्म आम्दानी हुनेगरेको छ ।

सात जनाको परिवार यसैले पालेको छु”, एउटा मादले रु तीन हजारदेखि रु १५ हजार सम्ममा बिक्री हुने गरेको जानकारी दिँदै १६ वर्षदेखि मादल बनाउँदै आउनुभएका तीर्थले भन्नुभयो । स्थानीय सरकारको सहयोग पाएमा मासिक ५० वटा मादल उत्पादन गर्न सकिने बताउँदै उहाँले आधुनिक बाजाले आफूहरूको पेसा सङ्कटमा परेको सुनाउनुभयो ।

बल्चौरकै अर्को मादल व्यवसायी किस्न बादी पनि मादल बनाउन व्यस्त हुनुहुन्छ । तीजमा मादलको माग बढ्ने भएकोले उहाँलाई चटारो छ । भएको सुनाउनुहुन्छ ।

किस्न बादीको पनि मुख्य आयस्रोत मादल बेच्ने नै भएको सुनाउनुहुन्छ । बजारको आधुनिक मादलले आफ्नो पेसा नै सङ्कटमा परेको सुनाउदै किस्न बादी व्यावसाय सञ्चालनका लागि स्थानीय र प्रदेश सरकार संग सहयोगको समेत अपेक्षा गर्नुभएको थियो । उहाँले मादल बेचेरै वार्षिक ३/४ लाख रूपैयाँ आम्दानी गर्ने गरेको बताउनुहुन्छ । रासस


## धितो घडेरी (जग्गा) लिलामसम्वन्धी सूचना

यस जानकी ग्लोबल बचत तथा ऋण सहकारी संस्था लि.जनकपुरधाम-२ वाट तपसिलमा उल्लेखित व्यक्तिहरुले विभिन्न मितिमा ऋण कर्जा लिई हालसम्म ऋणको सावाँ र ब्याज नबुझाएको मा यस संस्थावाट विभिन्न मितिमा लिखित,मौखित गरी पटक-पटक ताकेता गर्दा पनि साँवा र व्याज नवुझाएको हुदाँ,२०८२।०३।२७ गतेको संचालक समितिको निर्णय अनुसार २०८२ श्रावन महिनाभित्र ऋणको साँवा,व्याज र हर्जाना बुझाउन सम्वन्धित ऋणीहरुलाई पत्र बुझाउदाँ पनि पत्रको कुनै वास्ता नगरेकोले धितो जग्गा लिलाम-डाँक गरी बाँकी रहेको साँवा,व्याज र हर्जाना असुल गर्न जनकपुर राष्ट्रीय दैनिक पत्रिका जनकपुर-टुडेमा प्रथम पटक प्रकाशित मिति २०८२।५।४ देखि ३५ दिनको म्याद दिई यो सुचना प्रकाशित गरिएको छ । सूचनाको म्याद सकिएको भोलि पल्ट अर्थात मिति २०८२।६।८ गते वुधवारका दिन तपशिलमा उल्लेखित घर,घडेरी ,जग्गाको लिलाम डाँक यस संस्थामा दिनको १ वजे देखि शुरु गरिनेछ । सो दिन लिलाम-डाक पुरा नभएमा भोलि पल्ट पनि दिनको १ वजे देखि लिलाम-डाक चालु राखिनेछ । लिलाम-डाक सम्वन्धि अरु जानकारी चाहिएमा इच्छुक व्यक्ति,संस्थाले संस्थाको कार्यालय जनकपुर-२ कदमचौकमा दिउसो ११ वजे देखि वेलुकी ४ वजेसम्म सम्पर्क गरी आवश्यक जानकारी लिन सकिनेछ । लिलाम-डाक हुने दिन विदा पर्न गएमा सोको भोली पल्ट लिलाम-डाक गरिनेछ ।

**तपसिल**

| क्र. स. | ऋण नं. | ऋणी नाम र बाबु/पतीको नाम | ठेगाना | धितो घर घरेडीको विवरण | | | घर / वाटो | वुझाउनु पर्ने जम्मा सावाँ र व्याज रकम रु. | लिलाम डाँक सुरुको न्युनतम मूल्य रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | किता नं. | क्षेत्रफल | स्थान | | | |
| १ | ३१ | पुनम देवी झा<br>पति-प्रदिप झा | जनकपुर-१६, कपिलेश्वर | २६४ | ७२.५०<br>०-०-४-२८ | जनकपुर-१६ | घर र वाटो भएको | १०,७१,४३९।- | १५,००,०००।-<br>(पन्द्र लाख) |
| २ | ४२ | रंजित ठाकुर<br>बाबु-राम विलास ठाकुर | नकटाझिझ-१ | ८६ | ०००८४.६५<br>०-०-५-० | जनकपुर-१६ | वाटो भएको | ३,८७,६००।- | १०,००,०००।-<br>(दस लाख) |
| ३ | ५५ | प्रितम यादव<br>बाबु-प्रभु यादव | बेंगा शिवपुर-१ (जनकपुर-१९) | २५ र २६ | ०-०-१४-०<br>०-०-१२-१ | जनकपुर-१ | वाटो भएको | १५,१४,०६७।- | २०,००,०००।-<br>(विस लाख) |
| ४ | १३० | रिना साह<br>पति-दुखरन साह | बेंगा शिवपुर-१ (जनकपुर-१९) | १६३७ | ०-०-९-२ | बैंगा शिवपुर-३ | वाटो भएको | १३,१५,४९१।- | १५,००,०००।-<br>(पन्द्र लाख) |
| ५ | १७९ | मकिना खातुन<br>पति-जहरुल कवारी | देवपुरा रुपैठा-८ (जनकपुर-२०) | १९२१ | ०-०-१०-० | देवपुरा रुपैठा-८ | वाटो भएको | ११,९२,४९५।- | २०,००,०००।-<br>(विस लाख) |
| ६ | १९९ | सकिना खातुन<br>पति-सवदर कवारी | देवपुरा रुपैठा-९ (जनकपुर-२०) | १ | २०३ व.मि.<br>०-०-१२-० | देवपुरा रुपैठा-९ | घर र वाटो भएको | १५,३९,३३०।- | २२,००,०००।-<br>(बाईस लाख) |
| ७ | २०२ | हुसेन नदाफ<br>बाबु-जनिफ नदाफ | देवपुरा रुपैठा-९ (जनकपुर-२०) | ३०४९ | ०-०-५-० | देवपुरा रुपैठा-८ | वाटो भएको | ८,१०,८२५।- | १०,००,०००।-<br>(दस लाख) |

**अध्यक्ष**

# ईंट्टा उद्योगबाट कम प्रदूषण हुने उपाय अपनाउन आग्रह



**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीश कुमार सिंहले मधेश प्रदेशमा जलवायुमा आएको परिवर्तनको असर कम गर्न कम प्रदूषण हुने गरि ईंटा उद्योग सञ्चालन गर्नका लागि आग्रह गरेका छन् ।

मुख्यमन्त्री सिंहले नेपाल ईंटा उद्योग महासंघ मधेश प्रदेश समितिको दोस्रो अधिवेशनको बुधबार जनकपुरधाम उद्घाटन गर्दै मुख्यमन्त्री सिंहले जलवायु परिवर्तनका असरले नै मधेशमा यसवर्ष कम वर्षा हुनुका साथै तापक्रम बढ्न थालेकाले वातावरणमा कम क्षति हुने गरि ईंटासहितको उद्योग सञ्चालनका लागि उपायहरू अपनाउनका लागि आग्रह गरे ।

उनले ईंट्टा उद्योगमा श्रमिक तथा दक्ष मजदुरको अभाव भएकाले दक्ष जनशक्ति स्वदेशमा नै उत्पादनका लागि प्रशिक्षण सहितको कार्यक्रमहरू गर्नका लागि मधेश प्रदेशका घरेलु तथा साना उद्योगलाई निर्देशन दिए ।

उनले ईंटा उद्योगमा अधिकांश मजदुरहरू भारतीय भएका कारणले नेपालको धेरै पूँजी बिदेसिने गरेको भन्नुहुँदै नेपाली श्रमिकलाई नै ईंट्टा उत्पादनका दक्ष बनाएर काम गर्नका लागि अभिप्रेरित गर्न जरुरी रहेको बताए ।

उनले मधेश प्रदेशलाई आत्मनिर्भर प्रदेश बनाउन थोरै कर लिनु प्रदेश सरकारको बाध्यता रहेको भन्दै ईंट्टा उद्योगको विकास तथा यसका उत्पादनको खपत बढाउनका लागि सहयोग गर्न प्रदेश सरकार तयार रहेको बताए ।

जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहले वातावरण प्रदूषण कम हुने उपायको अवलम्बन गर्नका लागि उद्योगीहरूलाई आग्रह गर्दै व्यवसायीलाई बढी करको बोझ दिँदा त्यसको मारमा आम उपभोक्ता पर्ने बताए ।

नेपालमा दर्तामा रहेका १ हजार ३ सय ३९ ईंटा उद्योग मध्ये मधेश प्रदेशमा मात्र ७ सय दर्ता रहेका छन् भने त्यस मध्ये ३ सय २० वटा सञ्चालनमा रहेका छन् । ईंट्टा उद्योगमा ३ लाख मिस्त्री तथा मजदुरहरूले रोजगारी पाइरहेको र त्यसमा ९० प्रतिशत मजदूर भारतीय नागरिक भएको नेपाल ईंट्टा उद्योग महासंघ मधेश प्रदेशका अध्यक्ष विजय कुमार साहले जानकारी दिए ।

नेपाली दक्ष मजदुरको अभाव रहेकाले भारतीय मजदुरहरूले अवसर पाएको नेपाल ईंट्टा उद्योग महासंघ मधेश प्रदेशले जनाएको छ ।

## अध्यक्षमा पुन: विक्रम साह चयन

नेपाल ईंट्टा उद्योग महासंघ मधेश प्रदेशको नयाँ कार्यसमिति चयन गरिएको छ ।

जनकपुरधाममा बुधबार भएको दोश्रो अधिवेशन तथा तेश्रो सधारणसभाबाट पुनः विक्रम कुमार साहको अध्यक्षतामा कार्यसमिति चयन गरिएको छ ।

सो कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा नवलकिशोर साह, उपाध्यक्षमा संजय चौधरी, महासचिवमा अशोक जयसवाल र कोषाध्यक्षमा रामबाबु पँजियार रहेको छन् ।

त्यस्तै सदस्यहरुमा मो. मुसलिम मिया, कृष्णादेव पण्डित, पुनम चौधरी, रामकृपाल यादव, लक्ष्मण राय यादव, मनोज साह, विष्णु प्रसाद मैनाली, गेनालाल प्रसाद, बेदे आले, ओमप्रकाश यादव र गौरीशंकर साहलाई चयन गरिएको छ ।

त्यसैगरि सल्लाहकारमा अवदुल हकिम, मोहन साह र शिव पुजन साहलाई चयन गरिएको छ ।

# गौर हत्याकाण्डबारे प्रहरीको सक्रियताप्रति प्रश्न

**टुडे समाचारदाता**

जनकपुरधाम । रौतहटको गौर हत्याकाण्डबारे सर्वोच्च अदालतको आदेशको लिखित पाठ आएपछि मात्र कार्यान्वयनको चरणमा जाने भएको छ । गत सोमबार सर्वोच्च अदालतका न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेको संयुक्त इजलासले गौर हत्याकाण्डबारे अनुसन्धान गर्न परमादेश जारी गरिएको थियो ।

सोही आदेशको लिखित पाठ प्राप्त भएपछि मात्रै कार्यान्वयनमा जाने प्रहरी स्रोत बताउँछ । "सर्वोच्चको आदेशलाई हामीले मान्नैपर्ने हुन्छ । तर, लिखित पाठ कसरी आउँछ हामीले त्यसरी नै अघि बढ्नुपर्ने हुन्छ । त्यही कारण हामी लिखित पाठको पर्खाइमा छौँ," एक प्रहरी अधिकारीले भने ।

मधेश प्रदेश प्रहरी प्रमुख उमाप्रसाद चतुर्वेदीले पनि आदेशको पाठ आएपछि कार्यान्वयनको चरणमा पुग्ने बताए । यद्यपि आदेश लगत्तै रौतहट प्रहरीले अनुसन्धान अघि बढाइसकेको जनाइएको छ ।

प्रहरीको अनुसन्धानका क्रममा गौर हत्या प्रकरणमा ११३ जनाविरुद्ध जाहेरी परेको खुलेको छ । प्रतिवादीहरूमध्ये नौ जनाको मृत्यु भइसकेको छ । अनुसन्धानमा संलग्न एक अधिकारीले जनाए अनुसार गौर घटनाको भिडियो तथा प्रत्यक्षदर्शीसित प्रहरीले सोधपुछको काम थालिसकेको छ ।

ती प्रहरी अधिकारीले भने, "हामीले अनुसन्धान थालिसकेका छौं । पहिलादेखि नै अनुसन्धान जारी नै थियो । तर, आदेशपछि थप बुझ्ने काम गर्दै छौं । त्यो बेलाका भिडियोदेखि प्रत्यक्षदर्शी र प्रतिवादीहरूमध्ये ककसको भूमिका के थियो भन्नेबारेमा बुझिरहेका छौं । आदेशको पाठ आएलगत्तै कार्यान्वयनको चरणमा जान्छौं ।"

त्रिभुवन साहसहितले गौर हत्याकाण्डमा मुद्दा चलाउने बाटो खोलिदिन माग गर्दै रिट दायर गरेका थिए । सोही रिटमाथि सर्वोच्चको परमादेश जारी गर्दै अनुसन्धान गर्न आदेश दिएको छ ।




सर्वोच्च अदालतको आदेशसँगै घटनाको १९ वर्षपछि गौर हत्याबारे अनुसन्धान बढ्न लागेको छ । सर्वोच्चको आदेशपछि मंगलबार गृहमन्त्रीले तीनवटै सुरक्षा निकायका प्रमुखसित समेत छलफल गरेका थिए । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखहरूलाई गृह मन्त्रालयमा बोलाएर मन्त्री रमेश लेखकले सम्भावित सुरक्षा चुनौतीसहित विषयमा छलफल गरेका थिए ।

०६३ चैत ७ गते रौतहटको गौरस्थित राइस मिलको चौरमा भएको तत्कालीन मधेसी जनअधिकार फोरम नेपाल र तत्कालीन नेकपा माओवादीको मधेशी मुक्तिमोर्चाबीच झडप भएको थियो । झडपमा परी माओवादीसहित मधेशी राष्ट्रिय मुक्ति मोर्चाका नेपालका २७ जना कार्यकर्ता मारिएका थिए । त्यस्तै १५० जना घाइते भएका थिए । फोरम नेपालका कार्यकर्ताले निर्ममतापूर्वक माओवादी कार्यकर्ताको हत्या गरेको आरोप छ ।

सो घटनामा रौतहटका नुरजहा खातुन, बाराका उषा थापा, रौतहटका चुनु ठाकुर, रौटहटकी सरस्वती उप्रेती, रौतहटकै प्रमोद यादव, नरबहादुर उपाध्याय, मकवानपुरका छेतबहादुर वाइबा, मकवानपुरकै नारायण दाहाल, राजन पोखरेल, रोहिन प्राखिन, बाजुराका रत्न बोगटी, गोर्खाका विविन्द्र मगराती, दाङका जितेन्द्र थापा मगर, सिन्धुलीका कुमार तोलांगेको ज्यान गएको थियो ।

त्यसरी नै रौतहटका रामकान्त चौधरी, मकवानपुरका उज्ज्वल दाहाल, रौतहटका दीपक पाण्डे, मकवानपुरका उर्मिला लो, मुनाल विक, पर्साका पूर्णजोशी, बाराका हस्तबहादुर श्रेष्ठ, रामकाजी कार्की, महेन्द्र साह, रौटहटकी रेखा परियार, गोविन्द अधिकारीसहित २७ जनाको ज्यान गएको थियो ।

सो घटनामा संलग्न रहेको आरोपमा पीडित परिवारले तत्कालीन मधेशी जनअधिकार फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवसहित ११३ जनाविरुद्ध किटानी जाहेरी दिएका थिए । तर प्रहरीले कुनै अनुसन्धान अगाडि बढाएन ।

सो घटनाबारे त्यही बेला छानबिन समितिदेखि राष्ट्रिय मानव अधिकार आयोगले समेत विभिन्न छानबिन गरेर प्रतिवेदन बुझाएका थिए । आयोगले प्रतिवेदन सार्वजनिक गरे पनि सरकारले भने अझै छानबिन प्रतिवेदन सार्वजनिक गरेको छैन ।

सर्वोच्च अदालतको परमादेशसँगै पुनः गौर हत्याबारे प्रहरीले अनुसन्धान गर्ने तयारी थालेको छ ।

# 'सरकार कै संरक्षणमा अपराध बढेको हो कि ?'

**टुडे समाचारदाता**

जनकपुरधाम । स्वतन्त्र सांसद अमरेश कुमार सिंहले देशमा कानुन व्यवस्था बिग्रिँदै र सरकारको भूमिका प्रश्नवाचक भएको भन्दै आलोचना गरेका छन् ।




प्रतिनिधिसभाको बुधबार बसेको बैठकमा बोल्दै सांसद सिंहले हालको सरकारमाथि अपराध नियन्त्रण गर्न नसकेको मात्रै भन्दै संरक्षण गर्ने आशंका व्यक्त गरे ।

उनले भने, 'देशको कानुन व्यवस्था बिग्रिँदै गएको छ । अराजकता बढिरहेको छ । हत्या, हिंसा, बलात्कारजस्ता अपराधहरु बढिरहेका छन्,'उनले भने, 'यो दुई तिहाइको सरकार हो, अपराध घट्नुपर्ने हो, व्यवस्था मजबुत हुनुपर्ने हो । तर उल्टै सरकारबाटै संरक्षित अपराध त भइरहेको छैन ?'

सांसद सिंहले अहिले सर्वसाधारण त्रासमा रहेको बताए । उनले दुई ठूला दलले दलगत प्रतिनिधिको नाममा साना पक्षलाई तर्साउने, दवाब दिने र निषेध गर्ने काम गरिरहेको आरोप लगाए ।

'कसैलाई कुर्सीबाट हटाउने, कसैलाई अदालतमा पेश गरेर थुनामा राख्ने प्रयास भइरहेको छ,' सिंहले भने, 'यो स्थिति लोकतान्त्रिक मुल्य र मान्यता विपरीत छ । सामान्य नागरिकमा निराशा र असुरक्षा बढ्दो छ ।'

# एकल महिलाद्वारा सामाजिक सुरक्षाको माग



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको लक्ष्मिनिया गाउँपालिकाका एकल महिलाहरुले सामाजिक सुरक्षाको माग गर्दै प्रभात रैली निकालेका छन् । लक्ष्मिनिया गाउँपालिकास्थित एकल महिलाहरुको समूह तथा दलान नेपालको आयोजनामा लक्ष्मिनिया गाउँपालिकाका एकल महिलाहरुले प्रभात रैली निकालेका छन् । समाजले एकल महिलालाई हेयको दृष्टिले हेर्ने प्रवृतिमा परिवर्तन ल्याउने उद्देश्यले लक्ष्मिनिया गाउँपालिकाको प्रत्येक वडामा ५/५ जनाको समूहमा एकल महिला टोली बनाइएको छ । सो टोलीले आफ्नो अधिकार तथा सामाजिक सुरक्षाकालागि आफै पैरवी गर्ने गरेको लक्ष्मिनिया गाउँपालिका वडा नम्बर ४ की संगीता ठाकुरले बताउनु भयो । उहाँले एकल महिलाहरुको अगुवा टोली बनाइएपछि आफ्नैलागि पनि बोल्न नसक्नेहरु अहिले आएर अधिकारकालागि पैरवी गर्न सक्ने भएको बताइन् ।

दलान नेपालका कार्यकारी निर्देशक धर्मानन्द ठाकुरले लक्ष्मिनिया गाउँपालिकाको प्रत्येक वडामा ५ जना अगुवा एकल महिला बनाएर एकल महिला टोली बनाइएको जानकारी दिए । उनले एकल महिलाले पाउने सामाजिक सुरक्षा भत्ता तथा बृद्ध भत्तामा समन्वय गर्नु यो कार्यक्रमको प्रमुख उद्देश्य रहेको बताए ।

एकल महिलाहरुको अभियानपछि एकल महिलाहरुको मनोबलमा विकास त भएको छ नै यसका साथै स्थानीय तहहरु समेत एकल महिलाहरुको सामाजिक सुरक्षाको ग्यारेण्टी गर्न प्रतिवद्धता समेत व्यक्त गर्न थालेको बताए ।

# संकटमा चुरे क्षेत्रका वस्ती

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको उत्तरी क्षेत्रमा पानी पर्दा चुरे क्षेत्रका वस्तीहरुलाई जोखिममा पारेको छ । विगत केही दिनदेखि परेको अविरल वर्षाका कारण चुरे भेगका पाँच वटा वडाका दर्जनभन्दा बढी वस्ति जोखिममा परेको जनप्रतिनिधिहरु बताउँछन् ।

लगातारको पानी परेपछि धेरै ठाउँमा आवागमन ठप्प भएको छ भने कतै बाढीले खानेपानीको मुहानमासमेत क्षति पुऱ्याएपछि जनजीवन थप कष्टकर बनेको छ ।

वडा नम्बर ३ का वडाध्यक्ष विराट विष्टका अनुसार भुल्के खोलाको बाढीले सुदूर उत्तरवर्ती पर्साइधाप गाउँ नै जोखिममा परेको छ ।

बाढीले जीर्ण अवस्थाको तारजालीमा क्षति पुऱ्याएपछि ११२ घरधुरी रहेको पर्साइधाप र त्यहाँको दुई सय बिगा खेतीयोग्य जमिन कटानको जोखिममा छ ।

स्थानीय मैते मुक्तानले जनाए अनुसार बाढीले गाउँदेखि २ किलोमिटर उत्तर जालीसहित तटवन्ध उधिनेकाले जोखिम बढेको छ ।

वडाध्यक्ष विष्टले भने, "खोलासम्म डोजर पुऱ्याउन सकिए पनि बाढी आउने क्रम नथामिएकाले पूर्ण क्षमतामा तटवन्ध मर्मत गर्न सकिएको छैन ।"



चुरे भेगमा मंगलबार पनि वर्षा भएपछि खोला पुगेको डोजरले काम गर्न नसकेको स्थानीयले जनाएका छन् ।

विष्टका अनुसार वर्षा लागे यता वडाको पर्साइधाप मात्र जोखिममा छैन । रातु र उर्रा खोलाको क्षतिले राजावास, कालापानी र मर्का गाँउबीचको सम्पर्क पनि कटेको छ ।

बाढी र वर्षाले वडा नम्बर ४ लाई पनि दुःख दिएको छ । त्यहाँको राना टोल जाने बाटोमा क्षति पुग्दा आवागमन बन्द छ । वडाध्यक्ष अक्कलबहादुर तामाङका अनुसार चेरु खोलाले भक्तीपुर खानेपानी मुहानमा क्षति पुऱ्याउदा सय परिवार समस्यामा रहेका छन् । वडाध्यक्ष तामाङले भने, "खोलाको लेदो माटोले मुहान धमिलिएको छ । मुहानको आपतकालीन सुरक्षाका लागि वडा र नगरपालिका मिलेर प्रयास सुरु गरेका छौं ।"

दर्जनभन्दा बढी खोला र खहरेको घेराबन्दीमा परेको वडा नम्बर ५ पनि बाढी र वर्षाले आक्रान्त छ । बाढी बर्षाले धान खेत र बाटोघाटोमा क्षति पुग्नाले वडाको जनजीवन प्रभावित भएको उनले बताए ।

स्याङतानले भने, "वडामा मडाहा, सिर खोला, ढुङ्ग्रे, टुटेश्वर र गढन्ता गरि ५ वटा ठुला नदी छन् । त्योभन्दा बढी खहरे र खोल्सीहरु छन् । बाढी आउदा वडाको आवागमन घण्टौसम्म ठप्प हुन्छ । बाढी घटेपछि पैदल आवागमन खुले पनि क्षतिग्रस्त सडकमा सवारी गुडन सकेको छैन । वरडाँडासमेत सुदूर उत्तरवर्ती वस्तिको सम्पर्क अहिले पनि टुटेको छ ।"

खोला र खहेरमा आएको बाढीले नगरक्षेत्रको खयरमारास्थित वडा नम्बर १० र ११ को अवस्था पनि प्रभावित भएको वडा नम्बर १० का वडाध्यक्ष प्रमोद मोक्तानले बताए ।

भौगोलिक विषमता रहेको महोत्तरीमा योपटक बाढी र वर्षाको प्रकोप जिल्लाको चुरे क्षेत्रमा देखिए पनि दक्षिणी भेगमा भने भदौं लागि सक्दा समेत अनावृष्टीको अवस्था रहेको छ ।

# जनप्रतिनिधि नै गाउँपालिकाको कार्यालय अगाडि धर्नामा




**टुडे समाचारदाता**

रौतहट । रौतहटको यमुनामाई गाउँपालिकाका जनप्रतिनिधिहरु नै विभिन्न माग राखी धर्नामा बसेका छन् ।

गाउँपालिकाका वडाध्यक्षको नेतृत्वमा २१ जना निर्वाचित सदस्यहरु १३ सुत्रीय मागहरु राख्दै धर्नामा बसेका छन् । गाउँपालिकाको सरुअठा स्थित कार्यपालिकाको कार्यालय अगाडि वडा नम्वर २ का वडाध्यक्ष सीताराम यादवको नेतृत्वमा १ देखि ५ वडाका २१ जना सदस्यहरु बुधबारदेखि धर्नामा बसेका छन् । संघर्ष समितिका संयोजक समेत रहेका यादवले दिएको जानकारी अनुसार गाउँपालिका अध्यक्ष, निमित्त प्रमुख प्रशासकीय अधिकृत र लेखापाल समेतको मिलोमतोमा कानुन विपरित काम गरिरहेको पाइएकाले आन्दोलित हुनु परेको छ ।

पालिकाबाट हुने हरेक काम पार्दर्शीता, निष्पक्षता, मितव्ययिता, सुशासनमैत्री हुनु पर्ने उनले बताए । आर्थिक वर्ष २०७९ देखि ०८२ सम्मको गाउँ सभाको निर्णय, कार्यपालका बैठकको निर्णय, लेखा परीक्षण प्रतिवेदन, गाउँपालिकामा कार्यरत स्थायी, करार र दैनिक ज्यालादारीमा सबै तहका कर्मचारीहरुको नियुक्ति र त्यसको प्रक्रिया लगायत माग गरिएको उनले बताए ।

गाउँपालिकाका अध्यक्ष महमद सउदले गाउँ सभा गर्ने तयारी समेत भइरहेकाले विरोध नगर्न आग्रह गरे । गाउँसभाबाट मागहरु पारित भएपछि सूचनाहरु उपलब्ध गराउने उनले प्रतिवद्धता व्यक्त गरे।

# गोठमा चार गाई मरेको अवस्थामा फेला

**टुडे समाचारदाता**

रौतहट । रौतहटको चन्द्रपुर नगरपालिका वडा नम्बर- २ स्थित फुलबारीका किसानले पालेका गाई मरेका छन् ।

स्थानीय किसान यादव खरेलको गोठमा रहेका चारवटा माउ गाई मंगलबार राति एकैसाथ मरेका थिए। गाईले खाने कुँडोमा कसैले विष हालेको आशंका खरेलले गरेका छन् ।

मंगलबार दिउँसो वा राती विष हालिदिएको र सो कुँडो खाइसकेपछि बुधबार गाईहरू मृत अवस्थामा पाइएको उनले बताए । सो गोठमा रहेका अन्य ३ साना गाईका बच्चाहरू पनि बिरामी रहेको उनले बताए । ऋण लिएर पालेको गाईको गोठ नै सखाप भएपछि अहिले खरेल परिवार तनावमा रहेका छन् ।



**साक्षर समाज-सक्षम राष्ट्र**

**शिक्षा:**

- आत्मनिर्भर जीवनको लागि,
- रोजगारी र अवसरको लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि,
- लैंगिक, जातीय र क्षेत्रीय समानताको लागि,
- अधिकार र कर्तव्य बोधका लागि,
- स्वास्थ्य सम्बन्धी सचेतनाको लागि,
- आर्थिक सशक्तिकरणका लागि ।

त्यसैले शिक्षित बनौ, प्रगतिको पथमा लम्किऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८